पाठक र ग्राहकको सुविधाको लागि अभियान साप्ताहिक वेवसाइडमा पनि
www.abhiyanweekly.com

# अभियान
साप्ताहिक

ABHIYAN WEEKLY
Email: abhiyan.weekly@yahoo.com

वर्ष : ३३ | अङ्क : १७ | २०७२ मंसिर १८ गते शुक्रबार (Dec. 4, 2015) | मूल्य रू. १०/-

## जायज माग पुरा गर

काठमाडौं । मधेसी मोर्चाले चलाएको आन्दोलनले गर्दा मुलुक संकटपूर्ण अवस्थामा पुगेको छ । मोर्चाको आन्दोलनलाई देखाएर भारतले नेपालमाथि अघोषित रूपमा नाकाबन्दी गरेपछि नेपाली जनता संकटपूर्ण अवस्थाममा बाँच्न बाध्य पारिएका छन् । एउटा भूपरिवेष्ठित मुलुकले पाउनु पर्ने पारवहन र व्यापारको सुविधालाई भारतले खोसेको छ । मुलुकमा इन्धनको संकटले गर्दा धेरै नेपालीहरूको चुलो बल्न बन्द भएको अवस्थामा भारतले आलकभुकल छोड्ने पेट्रोलियम पदार्थ पनि नेपल प्रवेशमा नेपालीहरूले नै नेपाल–भारत सीमामा बसेर अवरोध सिर्जना गर्नु कहाँको न्याय हो । के एउटा नेपालीले खान नपाएर मर्दा अर्को नेपालीको मन दुख्दैन ?

मधेसी मोर्चाका कर्यकर्ताहरूले लामो समयदेखि वीरगञ्ज नाकामा धर्ना (**बाँकी अन्तिम पेजमा**)

# सेना परिचालनको सम्भावना बढ्दो

काठमाडौं । नेपाली सेनाले वर्तमान र पूर्व प्रधानसेनापतिहरूको अन्तरक्रिया सम्पन्न गरेर सेना अप टु डेट, अलर्ट रहनुपर्ने निर्णय गरेपछि प्रधानसेनापति राजेन्द्र क्षेत्र मेची महाली सैनिक निकायहरूको भ्रमणमा निस्केका छन् । रक्षामन्त्री, गृहमन्त्री र अन्य उपप्रधानमन्त्रीहरूलेसमेत वार्ता र संवाद फलदायी हुन्न भने बल प्रयोग गर्नुपर्छ भन्ने अभिव्यक्ति दिएपछि र पटक पटकको सुरक्षा परीषदको बैठकमा देशको स्थितिको बारेमा छलफल भएपछि नेपाली सेना हर्कतमा आएको हो ।

अवको वार्तामा सहमति हुन्न, नाका अवरूद्ध भइरहन्छ र मधेसी मोर्चाको



आन्दोलन हिंसात्मक भइरहन्छ भने सेना परिचालन हुनसक्ने विज्ञहरूले बताएका छन् ।



खासगरी नेपालगञ्ज र वीरगञ्ज नाकामा आन्दोलनकारीहरूले भारतीय सीमाबाहिरबाट गरेको पेट्रोल वम प्रहार र मंसिर १६ गते राति भारतीय सीमा सुरक्षा बलले वीरगञ्ज क्षेत्रभित्र प्रवेश गरेर मधेसी मोर्चाका धर्नाकारीमाथि गरेको सांघातिक आक्रमणको विश्लेषण गर्नेहरूले मधेस आन्दोलन अर्कै मोडतिर जान लागेको आशंका गरेका छन् ।

र, निजी भ्रमणमा दिल्ली पुगेका परराष्ट्र मन्त्री कमल थापालाई भारतीय विदेश मन्त्री सुषमा स्वराजलगायतका भारतीय सत्ताधारीले आन्तरिक आन्दोलन पहिले संवोधन गर भनेपछि नेपाल सरकार सेना परिचालन गरेरै भए पनि मधेस आन्दोलन दबाउने निर्णयमा पुगिसकेको छ । यसैवीच मंसिर १६ गते डल्केबरमा भएको मधेसी मोर्चाको जनसभामा मोर्चाका नेताहरू महन्थ ठाकुर, राजेन्द्र महतो, उपेन्द्र यादवहरूले मधेस प्रदेश घोषणा नभएसम्म आन्दोलन रोकिन्न, दमन गरे मधेसले सम्बन्ध टुटाउँछ भन्ने

(**बाँकी अन्तिम पेजमा**)

## भारतले पठायो हजार दरका जाली नोट

काठमाडौं । भारतीयले नेपाली हजार दरका नक्कली नोट छापेर ४ चौधरीको माध्यमबाट नेपाली बजारमा छर्न खोजेको छ । कैलाली चौकीले रामप्रसाद चौधरी, गोविन्द चोधरी, रमेश चौधरी र सुरेश चौधरीलाई पक्राउ गरेर हजार दरका १ सय ३ थान नोट हात पारेको छ । यस्ता नक्कली नोटहरू भारतमा छापिएर नेपाली बजारमा पठाउन थालिएको संकेतले नेपाल राष्ट्र वैंक हर्कतमा आएको छ, नेपाली सुरक्षा निकाय चंख बनेको खबर छ ।

एकातिर मधेस आन्दोलन चर्काएर नेपालमा अस्थिरता र अराजकता सिर्जना गरिदिने, अर्कोतिर नाकावन्दी गरेर नेपाललाई (**बाँकी अन्तिम पेजमा**)

# ओलीभन्दा ज्ञानेन्द्र १० गुणा प्रजातान्त्रिक

**अभियान संवाददाता**

काठमाडौं । झण्डै तीन महिना अघिदेखि आन्दोलन गरिहेको मधेसी मोर्चाले मुलुकलाई संकटबाट निकास दिन बहुराष्ट्रियराज्य तथा समावेशी सेनाको मागलाई बटम लाइनका रूपमा अघि सारेको छ । मोर्चाले वार्ता, संकट तथा विभाजित मानसिकतालाई निकास दिन यस्तो बटम लाइन अघि सारेको बताएको छ । तर प्रमुख तीन दल कांग्रेस, एमाले र एमाओवादीले मधेसी मोर्चाको यस्तो बटम लाईनका बारेमा केही बोलेका छैनन् ।

गत सोमबार प्रधानमन्त्री केपी ओलीले आफ्नै सरकारी निवास बालुवाटारमा आयोजना गरेको सत्तापक्ष, प्रमुख प्रतिपक्ष र



आन्दोलनरत मधेसी मोर्चाको त्रिपक्षीय बैठकमा मोर्चाले प्रस्तुत गरेको मागमा मुलुक एकता र शान्तिका लागि आफूहरू समेत चिन्तित रहेकाले यी मागहरू पुरा भएको खण्डमा मधेस आन्दोलन स्वतः स्थगित हुने उल्लेख गरेको छ । मोर्चाले आफ्नो रणनीति अनुसार नै आन्दोलन जारी राख्दै वार्तामा समेत अग्रसरता देखाए पनि तत्काले मुलुकले निकास पाउने सम्भावना भने न्यून रहेको छ । त्रिपक्षीय वार्तामा प्रधानमन्त्री ओलीले भने सत्ता गठबन्धन मुलुकको संकटपूर्ण अवस्थाप्रति चिन्तित रहेको भन्दै राष्ट्र बचाउन आफू जस्तोसुकै त्याग गर्न पनि तयार रहेको बताएका थिए । ओलीले भावुक हुँदै भनेका थिए, हामीले राष्ट्र र

(**बाँकी अन्तिम पेजमा**)

# ढल्केबरबाट मधेसी मोर्चा भारततिरै ढल्कियो

**अभियान संवाददाता**

काठमाडौं । मंसिर १६ गते ढल्केबरमा आयोजित मधेसभेलामा मधेसी मोर्चाका नेताहरूले 'बल्ल बुझ्यौ, मधेस नेपालको लाइफ लाइन हो भनेर' भन्दै मधेसमात्रेको प्रदेश हुनुपर्छ भन्ने अडान दोहोऱ्याएका छन् । मधेसले अधिकार नपाएसम्म आन्दोलन रोकिन्न, जारिरहन्छ भनेर कुर्लिए ।

र, सेना परिचालन गरेर राज्यले मधेसीको नरसंहार गर्ने योजना बनाएको छ । ५४ जना मरिसके, नरसंहार कति

(**बाँकी अन्तिम पेजमा**)



# पुसभित्र ऊर्जा संकटकाल घोषणा

काठमाडौं । ऊर्जा मन्त्रालयले जलविद्युत् उत्पादन, प्रसारण र वितरण प्रक्रियालाई तीव्र रूपमा अघि बढाउन पुसभित्र ऊर्जा संकटकाल घोषणा गर्ने तयारी गरेको छ ।

देशको वर्तमान आर्थिक अवस्था र सरकारको तत्कालको कार्यदिशासम्बन्धी श्वेतपत्रमा घोषणा गरिएको व्यवस्थालाई कार्यान्वयन गर्न मन्त्रालयले कार्ययोजना बनाएको हो । श्वेतपत्र कार्यान्वयन गर्न तयार पारिएको कार्ययोजना ऊर्जा मन्त्रालयले मंगलबार अर्थमन्त्री विष्णुप्रसाद पौडेललाई बुझाएको छ ।

ऊर्जा मन्त्रालयका सहायक प्रवक्ता गोकर्णराज पन्थले आवश्यक कानुन बनाएर पुसभित्र संकटकाल घोषणा गरिने कार्ययोजना रहेको जानकारी दिए । 'विद्युत् आयोजना द्रुत गतिमा निर्माण गर्न कुनकुन कानुन निलम्बन गर्नुपर्छ, निजी क्षेत्रका आयोजनालाई कस्तो सुविधा दिन सकिन्छ, जग्गाप्राप्तिलाई सहज बनाउन के गर्न सकिन्छलगायतका विषयको पहिचान गरी विधेयकमा समेटेर त्यसलाई संसद्बाट पारित गराएर मात्रै संकटकाल घोषणा गरिनेछ,' पन्थले भने ।

विगतमा कानुनी व्यवस्थाविना



संकटकाल घोषणा गरिएकाले यस वर्ष कानुनी व्यवस्था भएपछि मात्रै संकटकाल घोषणा गर्न मन्त्रालयको योजना रहेको उनले बताए । यसअघि सरकारले ०६५ र ०६७ मा ऊर्जा संकटकाल घोषणा गरेको थियो । तर, संकटकालमा घोषणा गरिएका अधिकांश कार्ययोजना कार्यान्वयनमा नै जान सकेनन् । निजी क्षेत्रका ऊर्जा उत्पादकले कार्यान्वयनमा जानसक्ने योजना

(**बाँकी अन्तिम पेजमा**)

# आन्दोलन गर्ने ठेक्का मधेसवादी दलहरुको मात्र ?

काठमाडौं । केही दिन पहिला मधेसवादी दलहरूले इटहरीमा गर्ने भनिएको संयुक्त आमसभालाई त्यहाँका स्थायनीय युवाहरूले विथोलेपछि आक्रोशित भएका संघीय समाजवादी फोरमका अध्यक्ष उपेन्द्र यादवले वक्तव्य नै निकालेर विरोध गरेका थिए । यादवले आमसभा विथोल्न सत्ताधारी दल नेकपा एमालेका कार्यकर्ताहरू सक्रिय भएको र सरकारको निर्देशनमा आमसभा बिथोलिएको आरोप लगाएपनि स्थानीय बासीहरूले भने स्वतःस्फूर्त रूपमा आफूहरूले प्रतिकार गरेको बताएका छन् । यादवले निकालेको वक्तव्यमा जातीय सद्भाव विथोल्न सरकार नै उद्दत रहेको बेला गत शनिवार वीरगञ्जमा विरोध जुलुस निकाल्दा मधेसी मोर्चाका कार्यकर्ताहरूले कांग्रेसका कार्यकर्तामाथि जाई लाग्दै



उनीहरूले बेकेका कांग्रेसको झन्डा र ब्यानर खोसेर आगो नै लगाइदिएका थिए ।

कांग्रेस नगरसमिति विरगञ्जले माइस्थान



चोकबाट जुलुस निकालेर शहरका विभिन्न ठाउँको परिक्रमा गरेर पुनः

(**बाँकी अन्तिम पेजमा**)

पढ्यौं हामी बसीकन सँगै वेद, बाइबल, नमाज
पसेकेही नरपशुहरू ध्वस्त पारे समाज ।

मर्‍यौ ज्यूँदै त्यो जस्ले बिर्सियो देशको माटो
बाँच्यो त्यो मरेर पनि जस्ले सम्झियो देशको माटो ।

कायर भएर पटक पटक मर्नुभन्दा
बहादुर भएर एकै पटक मर्न सकौं ।

– अभियानवाणी

अभियान
साप्ताहिक

सम्पादकीय

# संघीयता थाँती राखे समस्याको समाधान

*केही दिन पहिला प्रधानमन्त्री केपी ओलीले कुर्सीभन्दा राष्ट्रियता धेरै माथि रहेको उद्घाष गरेर भातरले लगाएको अघोषित नाकाबन्दीको संकटमा परेका जनताको घाउमा मलम लगाउने काम गरेका छन् । प्रधानमन्त्री ओलीले जनताको मन ढिलै भएपनि बुझेका हुनाले उनी धन्यवादका पात्र बनेका छन् । नेपाल–भारत सीमा क्षेत्रमा केही भारतीयहरुसहित मधेसवादी दलका कार्यकर्ताहरुले धर्ना दिएर अनैतिक रुपमा नेपालको राष्ट्रियतामाथि नै धावा बोल्न थालेका र बन्द हड्ताल गरेर इन्धन लगायत अत्यावश्यक सामानहरु आपूर्तिमा अवरोध सिर्जना गरी नेपाल र नेपाली जनताको हज्जतमै दाग लगाउने कार्य गरिरहेका छन् । मधेसवादी दलका केही नेताहरुले आफ्नो पार्टीगत र ब्यक्तिगत स्वार्थ पुरा नभएकोमा मधेसमा बसोबास गर्ने सोझासाझा जनतालाई भड्काएर आन्दोलनमा होमिन बाध्य पारिनु किमार्थ उचित होइन । भारतले तिनै मधेसवादी दलका नेताहरुलाई देखाएर अघोषित रुपमा नाकाबन्दी लगाउँदा मधेसमा बसोबास गर्ने मधेसी जनतासमेत पीडित भएका छन् । भारतले विश्व जगतलाई दखाउन न्यून मात्रमा इन्धनलगायतका अन्य सामान छाडेर नेपाली जनतालाई कष्टकर जीवन जिउन बाध्य पर्दा समेत मधेसवादी दलका नेताहरु भारतले नाकाबन्दी नलगाएको उद्घोष गरेर भारतको भक्ति गरिरहेका हुनाले प्रष्ठ हुन्छ, उनीहरु भारतकै उक्साहटमा नेपाली आमालाई दुःख, कष्ट दिइरहेका छन् । यो विकराल परिस्थिति सिर्जना हुँदा समेत नेपाली जनताले सरकारलाई सहयोग र समर्थन गरी नौलो उदाहरण प्रस्तुत गरेका छन् । अहिलेको समय भनेको पदभन्दा राष्ट्रियताको भावना जगाई राष्ट्रियताको सम्मान गर्ने अवसर हो । नेपाल रहेमात्र हामी नेपाली रहन सक्छौं भन्ने हेक्का राख्नु सबैको कर्तब्य र दायित्व हो । मधेसवादी दलका नेताहरुले कहिलेकाहीँ मधेस नै टुक्राउने धम्की समेत दिन थालेका हुनाले मुलुक टुक्राउने नेताहरुको मागलाई सरकारले कुनै हालतमा पनि सम्बोधन गर्नुहुँदेन । मधेसी जनताले उठाएका जायज मागहरु सम्बोधन गरी मुलुकलाई एकसुत्रमा बाँध्ने प्रयास सरकार र राजनीतिक दलहरुले गर्नैपर्छ ।*

*यो मुलुक पृथ्वीनारायण शाहले दुःखले आर्जेको नेपाल आमाको सन्तान हामी नेपाली भएका हुनाले नेपालाई बचाउने दायित्व हामी सबै नेपालीको हो । अहिले त्यसको नेतृत्व प्रधानमन्त्री भएका नाताले ओलीले लिनुपर्ने छ । नेपालको राष्ट्रियता र राष्ट्रिय स्वाधिनता जोगाउन नेपाली जनता प्राणको आहुती दिन समेत तयार रहनु पर्छ । यदी प्रधानमन्त्री ओलीले भनेनुसारका कामहरु गर्दै अघि बढ्ने हो भने जनताले उनलाई अझै साथ दिन्छन् । पदभन्दा मुलुक ठूलो हो हामी नेपाली हाम्रो नेपाल भन्ने नारालाई प्रधानमन्त्रीले बुझेका छन् भने उनले कुनै हालतमा पनि राष्ट्र र राष्ट्रियतामाथि घात पर्ने कुनै सहमति सम्झौता गर्नु हुँदैन, कुर्सी नै किन छाड्नु नपरोस् ।*

*भारतले लगाएको अघोषित नाकाबन्दीको उद्देश्य आपूर्ति रोक्नु मात्र होइन । नेपालको राष्ट्रियता नै कजोर बनाई नेपाललाई टुक्रा पारेर नेपालको अस्तित्व नै समाप्त पार्ने उद्देश्यले अघि बढेको छ । नेपाली जनताले चुलो बाल्न पाएका छैनन्, स्कुल कलेज बन्द भएका छन् । यी सबै समस्याहरुको समाधान नभएपछि बाध्य भएर नेपाली जनता र सरकार भारतको शरणमा पर्छ भन्ने भान भारतीय सरकारलाई परेको हुनसक्छ, तर भारतीय शासकहरुले बुझ्न जरुरी छ, वीर गोर्खालीहरु भोकभोकै मर्न मार्न तयार हुन्छन्, यो इतिहास त भारतीय शासकहरुले बुझेकै हुनुपर्छ । वीर गोर्खालीहरु झुक्दैनन्, वरु मर्न तयार हुन्छन् र छन् पनि । आमा जस्ती भएपनि आमाको माया सबै सन्तानलाई हुन्छ । नेपाल हामी नेपालीकी आमा हुन्, जसरी भएपनि हामी आमाको रक्षाका लागि अब तयार हुनु आवश्यक छ ।*

*भारतले लगाएको अघोषित नाकाबन्दीले इधनलगायतका समान आपूर्ति कम भएपनि जनताले धैर्यधारण गरी सरकारलाई विश्वास गरेर बसेका छन् । आपूर्ति जहाँबाट पनि हुनसक्छ, तर राष्ट्रिता गुमेपछि, त्यो फिर्ता हुँदेन भन्ने प्रमाण त हामीले सिक्किमबाटै देखेका छौं । तसर्थ राष्ट्रियता जोगाउन सबै नेपाली एक जुट हुनै पर्छ । राजनीतिक दल, सरकार, नागरिक समाज, कानुनविद्, विभिन्न पेशामा संलग्न भएका पेशाकर्मीहरु र नेपाल आमाका छोराछोरीहरु समेत एक भएर राष्ट्रियता जोगाउने बेला हामीमा आइपरेको छ । यस्तो बेलामा राजनीतिक दलका नेताहरु विभिन्न पक्षमा बाँडिनुभन्दा एकै ठाउँमा उभिएर भारतले लगाएको अघोषित नाकाबन्दीबाट मुलुकलाई पार लगाउने कार्यमा लाग्नु नै उचित हुनेछ । मधेसवादी दलहरुले आन्दोलन गरे भन्दैमा उनीहरुले राखेका उनुचित मागहरु सम्बोधन गर्नुभन्दा संघीयतालाई थाँती राखेर संविधान संशोधन गर्नु नै उचित हुनसक्छ । संघीयताले गर्दा मुलुक टुक्राटुक्रा हुनसक्ने भएकाले संघीयतालाई अविलक्ब थाँती राखी अघि बढ्न हामी सरकार र राजनीतिक दललाई आग्रह गर्दछौं ।*

# संविधान नै बन्यो आन्दोलनको कारक

*देवेन्द्र चुडाल*

संविधानसभाले संविधान निर्माण गरी जारी गरेपश्चात मधेस आन्दोलन र भारतको अघोषित नाकाबन्दी एक साथ चलिरहेको छ । कसैकसैले भारतीय नाकाबन्दी र मधेस आन्दोलनलाई बेग्लै अर्थमा बुझेका छन् भने धेरै नेपाली जनताले मधेस आन्दोलनलाई नाकाबन्दीको इन्जिनका रूपमा बुझेका छन् । खासगरी केही मधेसवादी दलहरूले प्रमुख दलहरूको असफलता र अकर्मण्यताको फाइदा उठाउँदै मधेसमा आन्दोलन गरिरहेका छन् । वीरगञ्जको रक्सौल नाकामा बसेर मधेसवादी दलका कार्यकर्ताहरूले मालसामान ढुवानीमा अवरोध गर्नु अनि सीमा पारी उनीहरूकै लागि सञ्चालन भएको मेसमा गएर खाना र खाजा खाने गरेका हुनाले भारतले मधेस आन्दोलनलाई सहयोग गरेको छैन भन्नु हत्केलाले सूर्यलाई छेके भन्नु सरह मात्र हो ।

वीरगञ्जको रक्सौल नाकामा भारतीय व्यापारीले किन सित्तैमा मधेसवादी दलका नेता तथा कार्यकर्ताहरूलाई खाना र खाजा खुवाउँछन् ? एउटा व्यापारीले नाफा कमाउन व्यापार गर्छ, तर ति मोहन अग्रवाल भने किन सित्तैमा खाना खुवाइरहेका छन् । सयौं आन्दोलनकारीलाई बिहान, बेलुका र दिउँसो खाना खुवाउँदा हजारौं रूपैयाँ खर्च हुन्छ । ती व्यापारीले झण्डै तीन महिनादेखि त्यसरी सित्तैमा खाना खुवाइरहेका छन् । ती व्यापारी भारतीय जनता पार्टीका नेता समेत रहेका र उनको दिल्ली सरकारसँग राम्रो पहुँच भएकाले उनले नरेन्द्र मोदी नेतृत्वको सरकारबाट नेपालमा मधेसवादी दल र तिनका कार्यकर्ताहरूलाई खाना खुवाएवापत मोटो रकम भुक्तानी लिएको वीरगञ्जकै व्यापारीहरूले बताएका हुनाले मधेसवादी दलहरूलाई मोदी सरकारले नै आन्दोलन गर्न उक्साएको र उसले आर्थिक सहयोग समेत गरेको प्रष्ट हुँदै गएको छ । पछिल्लो समयमा भारतले नेपालमाथि लगाएको अघोषित नाकाबन्दीले गर्दा नेपालमा मानवीय संकट परेको भन्दै विश्वका विभिन्न मुलुकहरूमा भारतको विरोध हुनथाले पछि आन्दोलनकारी र स्वयं भारतलाई आन्दोलन घाँडो हुन थालेका संकेतहरू देखिन थालेका छन् । संविधानसभाले दिएको संविधान र संघीय राज्य प्रणाली आज राष्ट्रिय कलह र अशान्तिको कारक बनेको छ । यसले समयमै उपचार नपाएको अवस्थामा मुलुकले नयाँ संविधानबाट न्याय पाउने सम्भावना न्युन हुँदै गएको र संविधान कार्यान्वयनमा समेत अवरोध पुगेको छ । तसर्थ अब राजनीतिक दल र सरकारले नै संविधानमा प्रष्ठ व्यवस्था गरिएका प्रावधानहरूका बारेमा आम जनतालाई जानकारी गराउन सक्नु पर्छ । अहिले मधेस आन्दोलनमा लागेका आन्दोलनकारीहरूलाई संविधानमा के के व्यवस्था गरिएको छ भन्ने समेत जानकारी छैन । आफूहरूलाई ठूला दल हौं भन्ने कांग्रेस, एमाले र एमाओवादीसहितका अन्य दलहरूले समेत अब संविधानमा उल्लेख गरिएका प्रावधानका बारेमा मुलुकभरमै सभा, सम्मेलन, गोष्ठी गरेर जनतालाई सत्य तथ्य बुझाउन सकेका खण्डमा आन्दोलनको अन्त्य हुनसक्छ ।

आन्दोलन चलेको सय दिनभन्दा बढी भएको छ । आन्दोलनकारी दलहरूले त्यसलाई उपलब्धिका रूपमाख लिँदै आन्दोलनलाई अझ कडा बनाउने उद्घोष गर्दै विभिन्न नाकाहरूमा धर्ना दिन थालेपछि जनताले थप संकट व्यहोर्नु पर्ने प्रायः निश्चित भएको छ । मधेसी मोर्चाले विभेद विरूद्धको आन्दोलन भन्दै अधिकार प्राप्तिका लागि जस्तोसुकै त्याग र बदिलान गर्न मधेसी मोर्चाले जनतालाई आग्रह गरिरहेको छ । तर ठीक त्यसको उल्टो विभेदको आवाज उठाउने मधेस केन्द्रित दलका नेताहरू नै मधेसी समाजका विभेदकारी हुन् कि विभेदको सिकार । उनीहरू पीडित हुन् कि पीडक ? कस्तो अधिकारका लागि उनीहरू तराई–मधेससहित सिंगो मुलुकलाई जीवनमरणको संघारमा पुर्‍याइरहेका छन् । साँचो अर्थमा भन्ने हो भने के मधेसी जनताको चाहनाले यो आन्दोलन भएको हो ? अहिले मधेसी समाजकै अगुवाहरूबाट यो प्रश्न उठ्न थालेको छ । मधेसी जनतालाई आन्दोलनमा सहभागी हुन् उक्साउने मध्येका एक हुन्, राजेन्द्र महतो । उनी संविधानसभाको दोस्रो निर्वाचनमा सर्लाहीबाटै पराजित भएका थिए । उनलाई मधेसकै जनताले पत्याएका थिएनन्, त्यसैकारण उनी चुनावमा पराजित भए । उनलाई अर्का मधेसवादी दलका नेता महेन्द्र राय यादवले हराएका थिए । त्यसबेला उनले भनेका थिए, म चुनाव हारेका होइन, यो हार मेरो नभएर भारतको हो । त्यसैले प्रमाणित हुन्छ, महतोलाई भारतीय सहयोग र समर्थन प्राप्त छ ।

आफू चुनावमा हार्दा भारतले हारेको अभिव्यक्ति दिने महतो लगातार १२ वर्षसम्म मन्त्री पदमा आसीन भए, उनले आफू बाहेक अन्य कसैलाई आफ्नो पार्टीबाट मन्त्री बन्नै दिएनन् । पछिल्लो संविधानसभाको निर्वाचनमा पराजित भएपनि उनले आफ्नै श्रीमतीलाई सभासद बनाएका छन् । अहिले तिनै व्यक्ति मधेसका जनताको हकहित र अधिकारको कुरा गरिरहेका छन् । अब मधेसी जनताले महतोलाई सोध्न सक्नु पर्छ, १२ वर्षसम्म मन्त्री हुँदा मधेसका जनताका लागि तपाईले के गर्नुभयो ? जिल्लाको विकासमा कति योगदान दिनुभयो ? कतिलाई रोजगारी दिनुभायो ? यी तमाम प्रश्नहरूको उत्तर उनले तराईका जनतालाई दिनु पर्छ कि पर्दैन ? त्यसैगरी आन्दोलनमा होमिएका अन्य मधेसवादी दलका नेताहरू समेत पटक पटक सत्तामा पुगेका व्यक्तिहरू भएपनि उनीहरू संविधानसभाको दोस्रो निर्वाचतमा पराजित भए । यदि उनीहरूले मधेसी जनताका लागि केही गरेका भए किन तिनै जनताले उनीहरूलाई पराजित गराइदिए ? केही भ्रष्ट र स्वार्थी मधेसी नेताहरूको लहडको भरमा तराई–मधेसमा अन्दोलन गरी तिनै मेधसी जनतालाई सास्ती दिँदै चुलो बन्द गराउने अन्दोलनले सिंगो नेपाललाई कहाँ पुर्‍याउँछ ? के उनीहरूले त्यसको हेक्का राखेका छन् ? अर्काको बुई चढेर गरिने आन्दोलन कहिल्यै सफल हुन सक्दैन । यदि सफल भएपनि त्यो दिगो र टिकाउ हुन सक्दैन भन्ने प्रमाण त ०६२/६३ मा तत्कालिन सात दल र माओवादीबीच भारतको सहयोग र समर्थनमा भारतको राजधानी नयाँ दिल्लीमा भएको १२ बुँदे सहमतिले प्रष्ठ पारिसकेको छ । अहिले मुलुक त्यही १२ बुँदे सहमतिको पीडा भोग्न बाध्य भएको छ । संविधानसभाले संविधान निर्माण गरेर लागु गरेपनि भारतले त्यही संविधानलाई देखाएर अघोषित रूपमा नाकाबन्दी गरेर नेपाली जनताको चुलो बन्द मात्र गराएको छैन, लाखौंलाख विद्यार्थीहरूलाई पढ्नबाट बञ्चित गराएको छ । विरामीहरूले उपचार पाउन सकेका छैनन् । वैशाख १२ गते गएको भूकम्पको घाउ सुक्न नपाउँदै अघोषित नाकाबन्दीले गर्दा मुलुकको अर्थतन्त्र नै डामाडोल भएको छ । यो सबै हुनुको पछाडि दलहरूले आफ्ना जनतालाई भन्दा अर्कालाई नै आफ्नो सम्झिएर उसैको विश्वासमा पर्ने र उसैको नीति निर्देशन अनुसार सत्तामा पुग्ने र सत्ता सञ्चालन गर्ने परिपाटीले गर्दा नै अहिलेको संकट निम्तिएको सत्य वास्तविक हो ।

हिमाल, पहाड र तराई–मधेस एक अर्काका परिपुरक बनेर सिंगो नेपालको अस्थित्व बनेको छ । तराई मधेस सम्पूर्ण नेपाली जनजीवनको महत्वपूर्ण आधार भएकाले मधेस आन्दोलित र असुरक्षित हुँदा सिंगो नेपालमा त्यसको असर पर्ने नै भयो । पहाड र हिमाली प्रदेशको समाजलाई मधेसले नै अगुवाई गरेको छ । सुगम भएकाले पहाड र हिमालबाट मधेसमा जनता बसाई सर्ने गरेकाले मधेसमा जनसंख्या बढ्नु स्वभाविक नै हो । मधेसी समाजको भावना र निर्णयले सिंगो मुलुकनै प्रभावित हुने गरेको इतिहास साक्षी छ । २००७ सालको राणा विरोधी आन्दोलन र त्यसको तयारी पनि मधेसकै धर्तीमा भएको थियो । २०१५ सालको पहिलो आम चुनाव पनि पहिला मधेसमै भएको र दोस्रो चुनाव पहाड, हिमालमा भएकोले पनि पहिला मधेस महत्वपूर्ण भूमी हो भन्ने प्रमाणित हुन्छ । तर आज त्यही मधेस अशान्त, आन्दोलित हुँदा ठूला भनिएका दल र सरकारले मधेस आन्दोलनलाई शान्त पार्न सकिरहेका छैनन् । मधेसलाई वेवास्ता गरेर नेपाल बारे सोच्न समेत सकिँदैन । त्यसैले अशान्त मधेस र त्यहाँ अन्यायमा पारिएका भनिएका मधेसी समुदायहरूलाई त्यसै छोडेर बाँकी नेपाल र नेपाली जनताको हित हुन्छ भन्ने कसैले सोचेको भए त्यो मूर्खता बाहेक अन्य केही हुन सक्दैन । मधेसी समुदायले पनि आफुहरूको मात्र हितमा मधेसको मुद्दा उठाएर मधेसीको हित हुन सक्ने अवस्था देखिँदैन, सिंगो मुलुकको हितमा भए मात्र मधेसी समुदायको समेत हित हुने र सिंगो मुलुक त्यसबाट मात्रै सुरक्षित रहन सक्छ ।

मधेस आन्दोलनमा मधेसकै कारणबाट उठेको नभएर संविधानभसाबाट उठेर मधेसमा प्रवेश गरेको हो । संविधानसभाले संविधान निर्माण गर्दा केही गल्ती कमीकमजोरी भएको पक्का हो । बहुसंख्यक जनताको चाहना विपरित कतिपय प्रावधानहरू संविधनसमा राखिएका छन् । कतिपय राजनीतिक दलका शीर्ष नेताहरूको अडान र व्यक्तिगत स्वार्थले गर्दा पनि संविधानलाई सबै नेपाली जनताले सहजै स्वीकार गर्न सक्न अवस्था देखिँदैन । भारतले समेत त्यही संविधानलाई नै देखाएर झण्डै तीन महिनादेखि अघोषित रूपमा नाकाबन्दी लगाएको सबैलाई थाहै भएको विषय हो । राजनीतिक दलका शीर्ष नेताहरूको झुठो आश्वासनले गर्दा नेपाली जनता मार सहन बाध्य भएका छन् । संविधान निर्माण हुनुपूर्व नेकपा एमालेका अधयक्ष केपी ओलीले भारतीय गुरू रामदेवको कार्यक्रममा पुगेर वैशाख १० गते टुंडिखेलमा पुगेर भने अब बन्ने संविधानले धर्मनिरपेक्षता हटाउने र अन्तरिम संविधानमा झुक्किएर धर्मनिरपेक्षता परेको उद्घोष गरेका थिए । त्यसैगरी तत्कालिन प्रधानमन्त्री सुशील कोइरालाले समेत धार्मिक स्वतन्त्रता संविधानमा उल्लेख हुने सर्वाजनिक अभिव्यक्ति दिएका थिए । तर, संविधान निर्माण हुँदा मुलुक धर्मनिरपेक्ष राष्ट्र हुने प्रावधान राखियो, त्यो बेमइमानीको पराकाष्ठा नै थियो । अहिले नेपाल र नेपाली जनताले दलका नेताहरूले गरेको बेइमानीको सजाय भोग्नु परिरहेको छ । आखिरी जनताको के दोष ?

संविधानसभाका नाममा विगतमा ठूला भनिएका दहलरूले गल्ती गरेकै हुन् । गल्ती गरेपछि गल्ती सच्याउनुको बदला दलहरूले अर्को गल्ती गर्दै आफूहरू पानीमाथिको ओभानु बन्ने प्रयास गरेका हुनाले त्यसको सजाय जनताले भोग्नु परेको हो । संविधान बनाउनका लागि भोट दिएका जनताले त्यही संविधानकै कारण आज सास्ती र दण्ड सजाय भोग्न बाध्य हुनु परेको छ । अहिले तराई मधेसले मात्र होइन, सिंगो मुलुक नै दलहरूको असफलता र अकर्मण्यताको दण्ड भोग्नु परेको सत्य वास्तविकता हो । त्यसैले संविधानले सबै नेपालीलाई एक सुत्रमा बाँध्न सकेन, त्यसैको परिणाम हो मधेस आन्दोलन ।

devendrachudal@gmai.com

# गोली र बम हाने, अब नेपाल हान्छन्



राजन कार्की

नेपालभित्रै छिरेर भारतीय सैनिकले ४ नेपालीमाथि गोली हाने, अहिले सीमा नाकाहरूमा ढुंगामुढा र पेट्रोल बम हानिरहेका छन् । अभै नेपाल चुप हुने हो र मधेसी मोर्चाले भारतीय पक्षलाई यसैगरी उक्साइरहने हो भने भारतले नेपालै हान्न सक्छ ।

मधेसी मोर्चा आफूलाई नेपाली भन्छन्, नेपाली हुन् भने भारतले यसरी गोली हान्दा, भारतभित्रबाट बमबारी गर्दा किन चुपचाप बसिरहेका छन् ? तिनको मानसिकता के मधेस भारत भए हुन्छ भन्ने हो ? हो भने यस्ता बिखण्डनवादीलाई धोबीले लुगा धोएजस्ता धुनुपर्छ । नेपाली आवरणमा विदेशको नमकको सोभ्फो गरेर बस्न पाइन्न । नेपालको अखण्डतामा विदेशी हस्तक्षेप गराउने कुनै पनि विषय नेपालीलाई मान्य हुनसक्दैन ।

प्रश्न त ठूला राजनीतिक दल र संसदका सामु पनि तेर्सिएको छ । यति गम्भीर घटनाक्रम भइसके, ठूला राजनीतिक दलहरू एकै स्वरमा भारतसँग नेपालमाथि यस्तो हस्तक्षेप नगर भन्न किन सकिरहेका छैनन् ? संसदमा अति महत्वको प्रस्तावका रूपमा नाकावन्दी, मधेस आन्दोलनबारे किन छलफल भइरहेको छैन ।

लाजमर्दो विषय, नेमकिपाका २ सांसदले संसदमा भारतीय राजदूतलाई फिर्ता पठाउ भनेर नारा लगाए, संसद अवरूद्ध भयो ।

काठमाडौंमा नारामा ब्याक अफ इण्डिया, मधेसको छातीमा वेलकम इण्डिया । संसदमा राजदूत मूर्दावाद, मधेसमा पेट्रोल बम प्रहार । मधेस आन्दोलनको १ सय ५ दिन, नाकावन्दीको ७१ दिन र प्रहरीसहितका ५४ जना मारिएपछिको परिदृश्य हो यो ।

भारतीय सीमामा एसएसबी तैनाथ छ । एसएसबीलाई भारतीय सेनाको ब्याकिङ छ । तैनाथ एसएसबी र ब्याकिङमा बसेको भारतीय सेना तमासा हेरेर बसिरहन्छ र नेपालबाट भागेर भारतीय सीमापारि बसेका मधेसी आन्दोलनकारीसँग मिलेर भारतीयहरू नेपाल प्रहरी र सशस्त्र प्रहरीमाथि लगातार ढुंगामुडा र पेट्रोल बम हानिरहेका छन् ।

र, निजी भ्रमणमा दिल्ली पुगेका परराष्ट्रमन्त्री कमल थापा राजनीतिक भेटघाटमा व्यस्त छन् र भारतीय सुरक्षा सल्लाहकार अजित डोभल र विदेश मन्त्री सुषमा स्वराजले नेपाललाई आन्तरिक आन्दोलन पहिले संवोधन गर भन्ने सल्लाह दिइरहदा सीमा नाकाहरूमा बम प्रहारले निरन्तरता पाइरहनछ । भारत महाराज, आफ्नो भूमिबाट बम प्रहार नगर भन्दैन, नो म्यान्स ल्याण्डमा धर्ना, जुलुस, आन्दोलन गर्न दिइरहन्छ । यो बम प्रहार युद्ध नभए के हो ?

गल्ती नेपाल सरकारको पनि छ । गल्ती नेपाली राजनीतिक दलहरूको पनि छ । संसदमा संविधान संशोधन बिधेयक घडीको रालो भुण्डिएभैं भुण्डिरहेको छ, त्यसलाई छलफल गरिन्न, पारित हुने दिइन्न किन ? मधेसी मोर्चासँग पटक पटक वार्ता भइरहेको छ र ती सबै वार्ता बिना निष्कर्ष टुंगिरहन्छन्, निष्कर्ष किन निस्कन सक्दैन ? मधेसी मोर्चा ठूला तीन दल साभ्रा धारणासहितको एजेण्डा लिएर वार्तामा कहिले आएनन्, वार्ताको नाटक मात्र गरिरहेका छन् ? बल्ल मधेस नेपालको लाइफ लाइन हो भन्ने यिनले बुभ्केका छन्, यस्तै हो भने मधेसले सम्बन्ध तोड्नसक्छ भन्ने चेतावनी दिन थालेका छन् । यसरी मधेस आन्दोलन र त्यसमा भारतीय नाकावन्दीले देश र देशवासीको जीवनचक्र नै खलबल्याइ सकेको स्थितिमा पनि ठूला तीनदलको मतो मिलेको छैन, नेपाल सरकार गम्भीरतालाई अभै पर्ख र हेरको मनस्थितिमा देखिन्छ । योभन्दा गैरजिम्मेवार सरकार हुनै सक्दैन ।

**मधेसी मोर्चा आफूलाई नेपाली भन्छन्, नेपाली हुन् भने भारतले यसरी गोली हान्दा, भारतभित्रबाट बमबारी गर्दा किन चुपचाप बसिरहेका छन् ? तिनको मानसिकता के मधेस भारत भए हुन्छ भन्ने हो ? हो भने यस्ता बिखण्डनवादीलाई धोबीले लुगा धोएजस्ता धुनुपर्छ । नेपाली आवरणमा विदेशको नमकको सोभ्फो गरेर बस्न पाइन्न । नेपालको अखण्डतामा विदेशी हस्तक्षेप गराउने कुनै पनि विषय नेपालीलाई मान्य हुनसक्दैन ।**

नेपाली सेनाले देशको बिग्रदो परिस्थितिको मूल्यांकन गरेको छ । आफूलाई तम्तैयारीमा राखेको छ र प्रधानसेनापति मधेसको परिस्थिति बुभ्न आफै मेची-महाकालीको तुफानी दौडमा निस्किएका छन् । यसको अर्थ नेपालको राजनीतिक अवस्था अस्थिर, अराजक र बिस्फोटक बनिसकेको छ । सेना परिचालनको सम्भावना देखेर र संकेत पाएर नै नेपाली सेनाका प्रमुखको देश दौडाह सुरू भएको हो । अर्थात् संघीयताको मामिलाले संविधान कार्यान्वयनलाई असफल पारिदियो, बहुमत जनताले संविधानलाई अपनत्वका रूपमा स्वीकार गर्ने वातावरण बनेन । जुन द्रुतमार्गबाट संविधान जारी गरियो, त्यस्तै तुफानी तरिकाले संविधान असफल पारिएको छ ।

आन्दोलन र नाकावन्दीले देशको आर्थिक ढाड त भाँचियो, भाँचियो, नेपाललाई तस्कर, माफियाको मुलुक पनि बनाइदियो । नेपालमा ग्यास, पेट्रोल, मटितेल, डिजेलजस्ता इन्धनमात्र होइन, नून, तेल, चामललगायत कुनै पनि खाद्य सामग्रीको अभाव छैन । मात्र भिन्न अवस्था के छ भने चर्को मूल्य तिर्नुपर्छ । पहुँचवाला, प्रशासक, नेता, पदाधिकारी, मन्त्री, प्रधानमन्त्री कसैलाई पनि अभावको कष्ट भोग्नु परेको छैन । अभाव छ, महगी छ, हाहाकार छ भने त्यो पहुँचविहीन रहेका आमनागरिकलाई छ । गरिखाने बर्ग ठाडै मरिरहेको छ । लोकतन्त्र सामान्य बर्गका लागि हुनुपर्ने हो, यो बर्गलाई आन्दोलन र नाकावन्दीले आगोमा परेको माछाको जस्तो छटपटी र हुटहुटीमा पारिदिएको छ ।

शासक बर्गलाई शोषण, दोहन र भ्रष्टाचार गरेर कमाउने अवसर प्राप्त भएकाले पनि आन्दोलनको नाममा, नाकाबन्दीको आवरणमा नेपालमाथि जुन अन्याय भइरहेको छ, त्यो अन्यायलाई राज्यले अन्तर्राष्ट्रियकरण गर्न तम्सेको अवस्था छैन । विश्वका चर्चित विश्वविद्यालयका प्राध्यापक तथा विशेषज्ञहरूले मंसिर १६ गते राजधानीमै आएर अन्तर्राष्ट्रिय समुदाय परिचालन गर्दै न्याय माग्न गए सम्पूर्ण रूपमा साथ दिने वचन दिएका छन् । मानवीय संकट सुरू भइसकेकाले यही उपाय नै सही बिकल्प हुने उनीहरूको सुभावसमेत रहेको छ ।

युद्धमा समेत गर्न नहुने खालको अत्याचार नेपालमाथि भारतले गरिरहेको छ । भारतीय भूमिबाट पेट्रोल बम प्रहार भइरहेको छ र मधेसी मोर्चाले राजधानीसँगको सम्बन्ध तोड्ने धम्की दिएको छ । अभै पनि नेपाल सरकार तमासा हेरेर बस्ने कि पाकिसकेको पिलोको अपरेशन गरेर नेपाली एकता, सार्वभौमिकता र अखण्ड नेपालका लागि निर्णय गर्ने ?

नेपालको अस्तित्वमाथि प्रश्न उठिसक्दा पनि भद्रो हेरेर बसिरहने ? ओलीजी, सक्छौं गरिहाल, सक्दैनौं-सक्नेलाई ठाउँ खाली गरिदेउ । यसरी मुलुकलाई पलपल मर्ने स्थितिमा नराख । अब नेपालले सार्वभौमिकतालाई मजबुत पार्ने बेला यही हो । पहिचान र अस्तित्वका लागि लड्ने, लड्न सिक्ने र आउँदो पुस्तालाई लड्न सिकाउने अवसर पनि हो यो ।

नेपालमाथि गोली हान्ने, बम हान्ने र अब नेपाली हान्ने खतरनाक विदेशी साजिसलाई पर्दाफास गरेर यो पुस्ताले राष्ट्रलाई राष्ट्रिय अस्तित्वको मजबुत आधार दिने हो भने राजनीतिक दलहरूलाई जनताले दबाब दिनुपर्छ, जिम्मेवार हुन बाध्य पार्नुपर्छ । अन्यथा कमजोर नेपाल सधैं दयनीय भइरहनेछ । चेतना भया ।

# महिला बने गाउँका न्यायाधीश

*ललितबहादुर बुढा*

सुर्खेत । राकमनिवासी मीनालाई ( नाम परिवर्तन) उनका श्रीमान्ले दिनहुँ कुट्थे । मदिरा सेवन गरेर घरमा आउने उजिरले दिनहुँजसो मीनालाई कुटपिट गर्थे । उनले यतिसम्म यातना दिए कि सहन नसकेर मीना सम्बन्धविच्छेद गर्ने निर्णयमा पुगिन् । सँगै बस्ने अवस्था नभएपछि मीनाले उजिरविरूद्ध गाउँमै रहेको प्रहरी चौकीमा निवेदन दिइन् । तर, प्रहरीले लोग्नेस्वास्नीको भगडा घरमै मिलाउनु भन्न थालेपछि मीना न्यायका लागि स्थानीय आमा समूहको कार्यालयमा पुगिन् ।

आमा समूहमा आबद्ध गाउँका महिलाले मीना र उजिरलाई मिलाउन प्रयास गरे । आमा समूहका प्रयासपछि उनीहरु दुवैको सोचमा परिवर्तन आयो । उजिरले आफ्नो कमजोरी स्वीकार गरेपछि मीनाले उनीविरूद्ध प्रहरीमा दिएको मुद्दा फिर्ता लिइन् ।

सम्बन्धविच्छेद गर्ने निर्णयमा पुगेका मीना र उजिर हिजोआज मिलेर बसेका छन् । स्थानीय आमा समूहकै प्रयासका कारण उनीहरूबीचको सम्बन्ध टुट्न पाएन । गाउँका महिलाले सामूहिक रूपमा सम्भाएपछि उजिरले मीनालाई कुट्न र मदिरा सेवन गर्न दुवै छाडे ।

ग्रामीण क्षेत्रमा हुने साना-ठूला विवाद समाधानका लागि हिजोआज स्थानीय आमा समूहले नेतृत्वदायी भूमिका निर्वाह गर्न थालेको छ । परिवार तथा छिमेकमा हुने सामान्य मनमुटावमा समेत प्रहरी र अदालतसम्म धाउनुपर्ने अवस्था हटाउन अहिले गाउँका आमा समूह नै प्रहरी र अदालत भएका छन् । विवादको समाधान तथा पीडितलाई न्याय दिलाउने काम गाउँमै गरेर आमा समूहमा आबद्ध महिलाले ग्रामीण क्षेत्रमा न्यायाधीशको भूमिका निर्वाह गरिरहेका छन् ।

अहिले गाउँमै धेरैजसो विवाद समाधान हुन थालेका छन् । सहमतिमा मुद्दाको छिनोफानो गाउँमै हुन थालेपछि खर्च जोगिएको छ । न्यायका लागि वर्षौंसम्म अदालतमा धाउनुपर्ने समस्याबाट समेत धेरैले मुक्ति पाएका छन् ।

मीना भन्छिन्, 'मैले समयमा नै आमा समूहलाई नगुहारेको भए आज छोराछोरीको भविष्य बर्बाद हुने रहेछ । श्रीमान्ले गरेको अत्याचार सहन नसकेर हतारमा सम्बन्धविच्छेद गर्ने निर्णय गरैं । तर, आमा समूहको सहयोगले श्रीमान्को बानीमा सुधार आयो । मलाई हाम्रो परिवारले नयाँ जीवन पाएजस्तो लाग्छ ।'

अहिले उजिर गाउँमै होटेल व्यवसाय गरिरहेका छन् । मीना उनलाई सहयोग गर्छिन् । उजिर भन्छन्, 'जाँडरक्सीको नसाले अन्धो नै भइसकेको थिएँ । आमा समूहको कारण मैले पुनर्जन्म पाएँ । मैले नबुभ्रेर श्रीमतीलाई कुटेको रहेछु ।'

सुर्खेत पाम्काका चन्द्रमान (नाम परिवर्तन) को जग्गा छिमेकी मोतीराम ( नाम परिवर्तन) ले मिचेपछि दुई परिवारबीच वर्षौंसम्म बोलचाल बन्द भयो । उनीहरूले न्यायका लागि प्रहरी र अदालत धाए ।विवाद भएको चार वर्षसम्म पनि जिल्ला अदालतबाट मुद्दाको फैसला भएन । चन्द्रमानले २०७२ वैशाखमा मोतीरामविरूद्ध गाउँकै आमा समूहमा 'जग्गा मिचेकोले न्याय पाउँ' भनेर निवेदन दिए । उजुरी परेको एक सातामै समूहले विवाद टुङ्ग्यायो ।

आमा समूहले मोतीरामले जग्गा मिचेकाले गल्ती स्वीकार गर्नुपर्ने निर्णय गऱ्यो । आफूहरूको निर्णय नमाने मोतीरामलाई कुनै पनि सामाजिक सहयोग नगर्ने निर्णय महिलाले गरे । समूहको निर्णयपछि मोतीरामले चन्द्रमानसँग माफी माग्दै उनको जग्गा फिर्ता दिए । आमा समूहको भेलामा मोतीरामले आफूले उक्त जग्गा सरकारी भएको ठानेर प्रयोग गरेको भनेर आफ्नो बचाउ गरेका थिए । अहिले चन्द्रमान र मोतीरामको सम्बन्ध राम्रो छ ।

हिजोआज गाउँमा आमा समूह र महिला समूह नै सबैका सहयोगी बनेका छन् । पोखरीकाँडामा रहेको नयाँ पाइला महिला समूहले पनि गाउँका धेरै विवाद र मुद्दा मिलाउने गरेको छ । समूहकी अध्यक्ष डिलसरा नेपाली भन्छिन्, 'हामीले सकेसम्म दुवै पक्षले जित्ने गरेर निर्णय गर्ने गरेका छौं । अहिलेसम्म कसैले पनि हामीले गरेको निर्णय तोडेका छैनन् ।' यसबाट समाजमा सद्भाव कायम भएको छ । अर्कोतर्फ न्यायका लागि सदरमुकाम जाँदा लाग्ने खर्च पनि जोगिएको छ । आफ्नो समूहले समाजमा हुने विवाद मात्र नभई गाउँको विकासमा समेत सबैलाई एकमत गराउने नेपालीको भनाइ छ । *(सञ्चारिका)*


## नागरिक लगानी कोषद्वारा सञ्चालित निम्न कार्यक्रमहरूमा सहभागी भई भविष्यका लागि बचत गरौं

| कर्मचारी बचत वृद्धि स्वीकृत अवकाश कोषमा सहभागी भई बचत गर्दा पाइने फाइदाहरू | नागरिक एकांक योजना, २०५२ खरिद गर्दा पाइने फाइदाहरू |
| --- | --- |
| • वार्षिक ६.५ प्रतिशत ब्याज पाइने,<br>• बचत गरेको २ वर्षपछि बचत रकमको ८० प्रतिशत सापटी लिन पाइने,<br>• सहुलियत ब्याजदर १० प्रतिशतमा धितो मूल्यांकनले खामेसम्मको बढीमा रु. २५ लाखसम्म आवाजकर्जा पाइने सुविधा लिन पाइने,<br>• तलबको एकतिहाई रकममा आयकर छुट सुविधा पाइने,<br>• तलबको ५ देखि ३३ प्रतिशतसम्म रकम कोष कट्टी गर्न पाइने,<br>• सेवाबाट अवकाश भएपछि एकमुष्ठ रकम पाइने,<br>• जुनसुकै बैंकका शाखा कार्यालयहरूबाट रकम जम्मा गर्न सकिने,<br>• ब्यालेन्स सर्टिफिकेट लिन सकिने ।<br>• दुर्घटनावश मृत्यु भएमा रु. १ लाखसम्मको दुर्घटना बीमाको व्यवस्था भएको ।<br>*"आजैदेखि सहभागी भई बचत गर्ने बानी बसालौं"* | • सुरक्षित बचत, आकर्षक ब्याजदरमा लगानी गर्ने सुनौलो अवसर,<br>• अत्यधिक तरलताको सुविधा भएको,<br>• व्यक्तिगत वार्षिक ८ प्रतिशत ब्याज पाइने,<br>• संस्थागत ५.५ प्रतिशत ब्याज पाइने<br>• जुनसुकै समयमा खरिद तथा बिक्री गर्न सकिने,<br>• बचतको प्रमाण पाइने,<br>• ब्यालेन्स सर्टिफिकेट लिन सकिने । |

**नागरिक लगानी कोष**
नयाँ बानेश्वर, काठमाडौं, पोष्ट बक्स नं. ५८२३
फोन : ०१-४७८५७७१, ०१-४७८५७२५, फयाक्स: ०१-४७८५७७९
ई-मेल : info@wlink.org.np, Website: www.nlk.org.np

# Mumbai Attacks- Satish Verma 's Revelation

On November 26, 2008, several persons were killed in the simultaneous terror attacks in Mumbai. Without any investigation, Indian high officials and media had started blaming Pakistan.

Under the cover of the Mumbai catastrophe, India began a deliberate propaganda campaign against Pakistan and tried to isolate the latter in the comity of nations by showing that Islamabad was sponsoring terrorism in India. In this regard, Indian former Prime Minister Manmohan Singh and its other high officials, while repeating old rhetoric of baseless allegations, stated that Pakistan has "epicenter of terrorism" and Islamabad should "end infrastructure of terrorism." L.K. Advani, leader of the BJP, while accusing Pakistan as the hotbed of terror in the region, said that Pakistan's security agencies should be declared a terror outfits.

In this respect, Indian top officials and TV channels had remarked that Indian Mujahideen and the banned Lashkar-e-Tayba based in Pakistan behind the Mumbai terror attacks. With the assistance of Indian secret agency RAW, Indian investigators fabricated a false story that 10 terrorists who executed Mumbai carnage came in a boat from Karachi and were in contact with the members of the banned Lashker-e-Taiba through phone calls. But a number of questions arise in relation to the so-called links, deliberately entangling Pakistan. First, how it is possible that the militants phoned 100 times inside Pakistan, but they did not call their families? Second, the lonely gunman Ajmal Kasab who was arrested, knew his address and why he did not indicate the names and home addresses of other 9 fugitives with whom he lived for a long time? Third, after the hard journey of more than 50 hours, traveling on the slow moving water, evading 20 coastal guards of Indian Navy, how they reached Mumbai? Fourth, where did they change their muddy shoes and wet dresses? Fifth, how it became possible that they immediately hired a taxi and reached their targets, without taking some rest? Sixth, why the terrorists killed only four people at the Nariman house, sparing the other six guys present there?

Availing the pretext of the Mumbai catastrophe, New Delhi had suspended the process of 'composite dialogue' in wake of its highly provocative actions like mobilization of troops. Islamabad had also taken defensive steps to meet any Indian prospective aggression or surgical strikes. But, India failed in implementing its aggressive plans, because Pakistan also possesses atomic weapons.

However, in the post-Mumbai terror attacks, Indian rulers had started blackmailing Islamabad that they would not resume the talks unless Islamabad takes actions against the culprits of Mumbai mayhem. New Delhi urged Islamabad to arrest the perpetrators of the Mumbai terror attacks. Rejecting Pakistan's stand that its government or any official agency was not involved in the Mumbai attacks, New Delhi wanted to make Islamabad accept all other Indian demands since our rulers admitted that Ajmal Kasab was Pakistani national. In fact, Islamabad's admission which had emboldened New Delhi was forced by the US. And, Ajmal Kasab was tortured by the Indian intelligence agencies so as to endorse Indian false story against Islamabad, while giving statement in an Indian court. Suppose, even if he was Pakistani, it did not matter because he was a non-state actor, as non-state actors like smugglers and the militants are found in many countries.

It is of particular attention that on July 19, 2013, the Indian former home ministry and ex-investigating officer Satish Verma disclosed that terror attacks in Mumbai in November 26, 2008 and assault on Indian Parliament in January 12, 2001 were carried out by the Indian government to strengthen anti-terrorism laws.

It has clearly proved that Indian secret agencies; particularly RAW arranged coordinated terror attacks in Mumbai and orchestrated that drama only to defame Pakistan in the world, but also to fulfill a number of other aims.

It is notable that renowned thinkers, Hobbes, Machiavelli and Morgenthau opine that sometimes, rulers act upon immoral activities like deceit, fraud and falsehood to fulfill their countries' selfish aims. But such a sinister politics was replaced by new trends such as fair-dealings, reconciliation and economic development. Regrettably, India is still following past politics in modern era.

It is mentionable that during the talks between the prime ministers of India and Pakistan, at Ufa, Islamabad has conveyed to New Delhi a comprehensive agenda to discuss all outstanding issues, including Kashmir as well as terrorism. But, New Delhi's insistence to restrict the agenda for the dialogue to terrorism or cross-border terrorism only, demonstrated India's confused policy towards Pakistan.

Indian foreign secretary level talks were held in Islamabad on March 3, 2015. In this context, Indian External Affairs Secretary Subrahmanyam Jaishankar and Pakistani Foreign Secretary Aizaz Ahmad Chaudhry discussed contentious issues including Jammu and Kashmir, Siachen, Sir Creek and other bilateral issues. While, last year, India postponed the Secretary level talks with Pakistan; under the pretext that during his Indian visit Sartaj Aziz met Kashmiri leaders.

In fact, a lack of seriousness on India's part to settle all disputes, especially Kashmir issue has compelled New Delhi to follow a self-contradictory and confused strategy towards Islamabad.

Hence, New Delhi earnestly found various pretexts to cancel peace talks, while shifting the blame to Islamabad. For example, besides Mumbai attacks, in 2002, under the pretension of terrorist attack on the Indian parliament, India postponed the dialogue process.

Particularly, on May 27, 2014, Indian Prime Minister Narendra Modi's meeting with Pakistan's Prime Minister Nawaz Shariff in the oath-taking ceremony proved faultless, because Modi raised baseless issues like terrorism as pre-condition to advance the Pak-Indian dialogue. He said that slow pace of trial against the terrorists of the Mumbai 26/11 terror case; being held in Pakistan is main hurdle.

As regards the case of cross-border terrorism, India has shown ambivalent approach which can be judged from various recent developments. In this connection, on July 27, 2015, three gunmen dressed in army uniforms killed at least seven people, including three civilians and four policemen in the Indian district of Gurdaspur, Punjab.

Without any investigation, Indian high officials and media started accusing Pakistan, its banned militant outfits and intelligence agencies for the Gurdaspur incident. Indian Police remarked that the attackers are from Indian-held Kashmir, and some said that they were Sikh separatists, while Indian Punjab police chief claimed that the three gunmen were Muslim, but as yet unidentified. Contradicting speculations, India's Home Minister Rajnath Singh told parliament that the gunmen came from Pakistan.

Khalistan Movement Chief Manmohan Singh stated that the Gurdaspur incident is "a conspiracy of Indian secret agency RAW to defame Pakistan."

Besides, in the recent past, prior to the US President Obama's second visit to New Delhi, Indian intelligence agencies orchestrated a boat drama to defame Pakistan, allegedly reporting that a Pakistani fishing boat as a Pakistan-based outfit group Lashkar-e-Taiba was intercepted by Indian Coast Guards, off the coast of Porebandar, Gujarat. And Indian Coast Guard crew set the boat on fire and it exploded. But, its reality exposed Indian terrorism, because, some Indian high officials admitted that there was no such boat which came from Pakistan.

Similarly, India intends to obtain various hidden purposes by blaming Islamabad for terrorism. First of all, it wants to divert the attention of the international community from the involvement of RAW which has well-established its network in Afghanistan, and is fully assisting cross-border incursions and terror-activities in various regions of Pakistan through Baloch separatist elements, Jundullah and Tehreek-e-Taliban Pakistan (TTP) including their affiliated outfits. On a number of occasions, these insurgent groups claimed responsibility for their acts of sabotage.

It is worth-mentioning that Pakistan's Chief of Army Staff General Raheel Sharif accompanied by the Lt.General Rizwan went to Kabul on December 17, 2014. During his meeting with his Afghan counterpart, President Ashraf Ghani and the ISAF commander, he presented the evidence of linkage between the massacre of children at Peshawar school and TTP sanctuaries in Afghanistan. He also asked about action against the TTP and handing over of its chief Mullah Fazlullah to Pakistan.

It is regrettable that New Delhi is destabilizing the regional countries in general and Afghanistan and Pakistan in particular. In order to obtain its secret designs, aimed at augmenting Indian hegemony in the region, India is foiling the peace process between Afghanistan and Pakistan by managing terrorist attacks like the recent ones in Afghanistan which revived old blame game against Islamabad.

And, waging a prolonged war in Afghanistan, the US and other NATO countries have realized that after the withdrawal of foreign troops, Afghanistan would be thrown in an era of uncertainly and civil war. They recognize the fact and terrorism or stability in Pakistan and Afghanistan is interrelated. Hence, US-led developed nations which also spent billions of dollars for the development of Afghanistan have repeatedly agreed that without Islamabad's help, stability cannot be achieved there. In this regard, a meeting was hosted by Pakistan between the Afghan officials and representatives of Tehreek-e-Taliban Afghanistan in Murree (On July 8, this year) and dialogue were conducted for an Afghan-owned peace and reconciliation process, while the representatives of China and America also participated in the meeting.

In this backdrop of growing engagements of Pakistan, Afghanistan, China and US, Indian desperation in Afghanistan is increasing. Moreover, New Delhi is trying to sabotage the China-Pakistan Economic Corridor (CPEC). Recent terror-attacks in Pakistan and Balochistan might be noted as instance. Indian RAW has also created a heavily funded China-Pakistan and Afghanistan specific desk to target growing Pak-China-Afghanistan relations.

Furthermore, on the direction of the Indian leader of the fundamentalist party BJP and Prime Minister Modi, Indian forces have accelerated unprovoked shelling across the Line of Control and Working Boundary, while creating war-like situation between Pakistan and India.

Notably, Islamabad has raised the question of Indian cross-border terrorism and RAW involvement in Pakistan at the UNO forum, with strong evidence which was also shown to the US.

Without any doubt, we can conclude that Mumbai attacks of November 26, 2008 were arranged by Indian RAW.

***By : Shukat***

Sajha Express (p.) Ltd.
Domestic & INT 'L Courier Cargo Service

| Head Office | Branch Office |
|---|---|
| Hanumansthan, Anamnagar<br>Po Box 14189 Kathmandu,<br>Nepal, Tel .4230789 ,4230269 | Barnwal Market, Birgunj<br>Hari Panta (Branch Manager),<br>Tel. 051-526809 , 9855021524 |

# यसकारण बढ्दैछ मधेशमा चीन विरोधी भावना

*रामसुकुल मण्डल*

नेपालमा एकल सामुदायिक राजनीतिक गर्दै आएको छिमेकी मुलुक चीनविरुद्ध मधेशमा नारा जुलुसहरु लाग्न सुरु भएको छ । छिमेकी मुलुकको अर्थ राम्ररी व्याख्या गर्न नसकेका चिनियाँ कुटनीतिज्ञहरूले नेपालमा रंगभेदको राजनीति गर्दै आइरहेको आरोप नलागेको होइन ।

नयाँ संविधानमा एक मात्र समुदायको अधिकार मात्र रहेको र नेपालको आधा जनसंख्या अर्थात नेपालको मूलवासी मधेशी, आदिवासी, थारु, जनजनजाति लगायत पछाडि पारिएका समुदायको अधिकार खोसिएको कुरालाई पूर्ण बेवास्ता गर्दै आएको छिमेकी मुलुक चीन हो । नेपालको संविधानको प्रारम्भिक मस्यौदा जारी भएदेखि नै आन्दोलित रहेका नेपालका आधा जनसंख्यालाई नजरअन्दाज गर्दै चीनले नयाँ संविधानलाई स्वागत गऱ्यो ।

चीनले नयाँ संविधानलाई स्वागत गरेदेखि मधेशमा चीनविरोधी भावनाले उग्ररूप लिन थाल्यो । तैपनि नेपालको आधा जनसंख्याको भावना विपरीत चीनले अहिलेसम्म कुटनीतिक कार्यहरु गर्दै आएको छ । साढे दुई महिनाभन्दा बढी दिनदेखि जारी रहेको मधेशमा आमहडताल तथा नाकाबन्दीलाई पूर्ण बेवास्ता गर्दै विभेदकारी सरकारलाई सघाउन तेललगायतका सामान दिने प्रतिबद्धता गरेर रंगभेदी राजनीति सुरु गरेको मधेशी आन्दोलनकारीहरूको ठहर छ ।

यसअघि पनि मधेशमा चीनको झण्डा जलाइएको थियो । मधेशका विभिन्न जिल्लाहरूमा मित्र राष्ट्र चीनको झण्डा जलाइनु राम्रो होइन तर, किन जलाइन्छ भन्ने तर्फ कहिल्यै पनि चिनियाँ कुटनीतिज्ञहरूले ध्यान दिएनन् । नेपालको आधा जनसंख्यालाई नजरअन्दाज गर्दै यदि चीनको यस्तै रवैया रहयो भने मधेशीहरु फ्री तिब्बतको आन्दोलनमा पूर्ण समर्थन गर्न बाध्य हुने चेतावनीसमेत दिइसकेका छन् । चीनले बेलैमा सचेत हुन जरूरी छ । मधेश आन्दोलन कुनै समुदाय वा मुलुककोी ँ विरूद्ध नभई आ□नो अधिकार प्राप्तिका लागि मात्र हो भन्ने सबैले बुझ्न आवश्यक छ ।

आज मधेश आन्दोलन उत्कर्षमा पुगेको बेला चीन सरकारले खस आर्य सरकारलाई पेट्रोलियम पदार्थ उपलब्ध गराउनुले चीन सरकारले मधेश आन्दोलन तुहाउन खोजेको र मधेश विरोधी मानसिकता प्रस्ट भएको मधेशी आन्दोलनकारीहरूको ठहर छ । यथाशी□ चीन सरकारले मधेश विरोधी कदमलाई फिर्ता लिनुपर्ने माग जोडतोडका साथ उठेको छ । नत्र मधेशका यूवाहरु संगठित रूपमा चीन बिरूद्ध उत्रन बाध्य हुने चेतावनी समेत दिएका छन् ।

सीमांकनलगायतका विषयमा आन्दोलनरत् मधेशीहरु अब चीनको विरूद्धमा पनि आन्दोलन गर्न बाध्य बनाइएको आन्दोलनकारीहरूको भनाई छ । आफ्ना माग पूरा नभएसम्म नाकाबन्दी फिर्ता नलिने निर्णय गरेकोले चीनले तेल दिने भनेपछि मधेशीहरु झन् आक्रोशित देखिएका छन् । यसअघि पनि मधेशमा चीनको राष्ट्रिय झण्डा जलाइएको थियो । त्यसपछि चिनियाँ अधिकारीहरूले चीन मधेश विरोधी नरहेको प्रष्ट्याएका थिए । तर, अहिले आएर आन्दोलनको विरूद्धमा नेपाललाई तेल दिने निर्णयले चीन विरोधी आन्दोलन पुनः चर्कन सक्ने बुद्धिजीबीहरूको आँकलन छ ।

चीनले नेपाल सरकारलाई इन्धन सहयोग गर्ने तयारी गरिरहँदा त्यस निर्णयले मधेशमा तरंग पैदा गरेको छ । मधेश आन्दोलनको क्रममा अहिलेसम्म ४५ जनाको ज्यान गइसकेको छ भने हजारौं घाइते भएका छन् । मधेशीहरुको अधिकारवादी आन्दोलनलाई बेवास्ता गरेर सरकारलाई सहयोग गर्न लागेको भन्दै आन्दोलनरत मधेशी दलहरु चीनविरूद्ध प्रदर्शन गर्ने तयारी गरिरहेका छन् ।

**नयाँ संविधानमा एक मात्र समुदायको अधिकार मात्र रहेको र नेपालको आधा जनसंख्या अर्थात नेपालको मूलवासी मधेशी, आदिवासी, थारू, जनजनजाति लगायत पछाडि पारिएका समुदायको अधिकार खोसिएको कुरालाई पूर्ण बेवास्ता गर्दै आएको छिमेकी मुलुक चीन हो । नेपालको संविधानको प्रारम्भिक मस्यौदा जारी भएदेखि नै आन्दोलित रहेका नेपालका आधा जनसंख्यालाई नजरअन्दाज गर्दै चीनले नयाँ संविधानलाई स्वागत गऱ्यो ।**

आफ्नो जायज माग राखी विगत ७६ दिनदेखि मधेशमा जारी रहेको आन्दोलनलाई राज्यसत्ताले बेवास्ता गर्दै आएको छ । देशको आन्तरिक समस्यालाई सुल्झाउन पूर्णरूपमा असक्षम देखिएको सरकारले आफ्नो कमी कमजोरी लुकाउन एउटा छिमेकी मुलुक भारतलाई अन्तर्राष्ट्रिय जगतमा बदनाम गर्दैछ भने अर्को छिमेकी मुलुक चीनको पाउँपुजा गर्दैछ । आन्दोलनरत् रहेका मधेशीहरूको माग जायज रहेकाले विश्व समुदायले पनि समर्थन जनाउँदै आएका छन् ।

विभेदकारी सरकारको अघोषित प्रवक्ताझैं रहेका नेपालका कथित राष्ट्रिय सञ्चार माध्यमहरूले पनि मधेश आन्दोलनलाई बदनाम गराउन मधेशीहरूको नाकाबन्दीलाई भारतको नाकाबन्दी भन्दै दुस्प्रचार गर्दै आएका छन् । सञ्चार राष्ट्रको चौथों अंग हो भनेर विश्वव्यापी मान्यता रहेको छ । तर, विश्वव्यापी मान्यतालाई समेत ख्याल नगरी मधेशीहरूलाई विदेशी बनाउन उद्धत देखिएका छन् अधिकांश नेपाली सञ्चार माध्यमहरु ।

राष्ट्रिय भनाउँदा सञ्चार माध्यमहरूले मधेशीहरूको आन्दोलनबारे सत्यतथ्य समाचार प्रकाशन/प्रसारण गरिदिएको भए समाधान भइसक्थ्यो । तर, एकल सामुदायिक खस वर्चस्वमा रहेका नेपाली सञ्चार माध्यमहरूले आफ्नो साम्प्रदायिक धर्म निर्वाह मात्र गरिरहेका छन् ।

नेपालमा चीनले रंगभेदको राजनीति गर्दै आएको आरोप मधेशीहरूले लगाउँदै आएका छन् । चीनले नेपालमा एक मात्र समुदाय लक्षित विकासका योजना, अवसर र अन्य क्रियाकलापहरु गर्दै आएको चीनले अहिले खुलेरै सरकारलाई सहयोग गर्न खोजेपछि मधेशी नेताहरु क्रुद्ध बनेका छन् ।

विश्वको शक्तिशाली राष्ट्रहरूको स्थान बदलिदो छ । चीन आफैं शक्तिशाली राष्ट्रहरूको समूहमा उदीयमान शक्तिको रूपमा उदाइरहेको छ । ठीक त्यसैगरी नेपालको मधेशले भूराजनीतिक महत्वले नयाँ स्थान ग्रहण गरिरहेको छ । त्यहाँको समग्र भूभाग पूर्वदेखि पश्चिमसम्म मधेशी बहुल्य रहेको छ । मधेशी बहुल्य भूभाग विश्वका शक्तिसम्पन्न खेलाडीहरूका लागि पनि अहिले हट केक बन्दै गएको छ । साथै चीन अब हिमाल पारि मात्रै नरहेको अवस्थामा मधेशहरूको असन्तुष्टिका साथ आ□नो विश्वव्यापी भूराजनीतिक पहलहरु गर्ने विषयमा सोच्नुपर्ने आवश्यकता त्यसैगरी टडकारो बनेको छ । यस्तोमा मधेशको पीडा र अपमानलाई चीनले नबुझेर उदण्ड, क्रुर तथा संवेदनशील सत्तारूढ दलका नेताहरूको चापलुसी, चाटुकारिता एवं चातुर्यमा फँस्दा उसलाई छिमेकमै लामो समय उतानो हुनुपर्ने जोखिम उत्पन्न हुनेमा शंका भने छैन । चीन आफैले भनेको छ उत्पीडितहरूलाई पीडित गर्नु हुँदैन, उनीहरूको पीडालाई बुझ्न सक्नु पर्छ यस्तोमा चीनले ४५ जनाको शहादत र तीन महिना जतिको आमहडतालबाट पीडित जनताको अदम्य साहसलाई अनदेखा गर्न मिल्छ र ? यस्तोमा सहयोग बटुल्न उत्पीडितहरु जुनसुकै बाटो अपनाउन सक्छन् । भारतले संविधानमा असन्तुष्ट मधेशीहरूलाई समावेश गरी संविधान जारी गर्न भनेको सुझावलाई चीनले कसरी हस्तक्षेप भन्न सक्छ ?

यस्ता विषयमा चीनले गम्भीर भइ मधेश आन्दोलनलाई सहयोग पुऱ्याउनु स्वाभाविक काम हुने मधेशीहरूको बुझाइ रहेको छ । मधेशमा लाग्न सुरु भएको "ब्याक अफ चाइना" नारा पछाडिको गुह्य यो बाहेक अन्य हुनै सक्दैन ।

*(मधेश दर्पण)*



# नाकाबन्दीले खस्किँदै कुखुरापालन व्यवसाय

कैलाली । लगातारको तराई बन्द र भारतको अघोषित नाकाबन्दीका कारण जिल्लामा करोडौं रुपैयाँ लगानीको कुखुरापालन व्यवसाय धराशयी अवस्थामा पुगेको छ । तराईमा जारी बन्द हडताल र भारतको नाकाबन्दीको कारण आवश्यक दाना आयात हुन नसक्दा कैलालीका कुखुरा व्यवसायीले करोडौं घाटा व्यहोर्नुपरेको हो ।

नाकाबन्दीका कारण कुखुरा दानाको अभाव भएपछि उत्पादनसमेत असर पर्न थालेको व्यवसायी बताउँछन् । कुखुराको दाना बनाउने कच्चा सामग्री आयात हुन नसक्दा व्यवसाय धराशयी अवस्थामा पुगेको उनीहरूको गुनासो छ ।

पेट्रोलियम अभावका कारण उत्पादित कुखुरा जिल्लाभित्रका बजार तथा जिल्लाबाहिर पठाउन नसक्दा जिउँदो कुखुराको मूल्य घटेको छ । कुखुराको मूल्य घट्न थालेपछि व्यवसायबाटै पलायन हुने अवस्था आएको व्यवसायीले बताए ।

कैलालीका बजारमा हाल जिउँदो कुखुराको मूल्य प्रतिकिलो १ सय ५० रुपैयाँ र कुखुराको मासु मूल्य २ सय ८० रुपैयाँ छ । तीन महिनाअघि जिउँदो कुखुराको मूल्य प्रतिकिलो १ सय ९० देखि २ सयसम्म थियो । दाना अभावका कारण समय नपुग्दै कुखुरा बिक्री गर्नुपरिरहेको धनगढी उपमहानगरपालिका जालीस्थित सुलभ पोल्ट्री फार्म सञ्चालक लक्ष्मी बमले बताइन् ।

'कुखुराका लागि चाहिने दाना र औषधि पाइन छाडेको छ, उत्पादित जिउँदो कुखुराको मूल्य आधाभन्दा बढी घट्यो,' बमले भनिन्, 'यसपटक कुखुरापालक किसानले चार रुपैयाँ लगानी गरेर तीन रुपैयाँ आम्दानीमा चित्त बुझाउनुपर्ने अवस्था छ ।'

इन्धन अभावका कारण सामान ढुवानी ठप्प भएपछि बाहिर तथा जिल्लाका बजारमा कुखुरा पठाउन नसकिएको उनी बताउँछिन् । नाकाबन्दी तथा तराई बन्दले स्थानीय होटेल तथा रेस्टुराँ व्यापार खस्किएपछि स्थानीय बजारमा समेत कुखुरा खपत घटेको छ ।

कुखुरापालक किसान प्रेम बम पाँच सय कुखुरा बिक्रीयोग्य भए पनि बजारमा खपत नहुँदा खोरमै मर्ने अवस्थामा पुगेको गुनासो गर्छन् । 'दैनिक २५ देखि ३० हजार रुपैयाँ दाना, पानी र स्याहारसुसारमा खर्च हुन्छ,' उनले भने, 'यस्तै अवस्था अरु केही दिन जारी रहे यसपटक लाखौं रुपैयाँ नोक्सानी व्यहोर्नुपर्ने अवस्था आएको छ ।'

उनले १ लाख रुपैयाँ ऋण लिएर सुरु गरेको पोल्ट्रीफार्मा हालसम्म ६ लाख रुपैयाँ लगानी भइ सके पनि नाकाबन्दीले चौपट पारेको बताए । त्यस्तै, कुखुरापालक किसान शरदसिंह राना नाकाबन्दीका कारण उपभोक्ताको क्रयशक्तिमा ह्रास आएपछि कुखुरापालन व्यवसाय धराशयी अवस्थामा पुगेको बताउँछन् ।

'खोरमा सात सय बढी कुखुरा पालेको छु,' उनले भने, 'बजारमा खपत नहुँदा र इन्धन अभावका कारण बाहिर पठाउन नसक्दा बिक्री ठप्प छ ।'

नाकाबन्दीका कारण दाना सहज रूपमा पाइन छाडेपछि तस्करीको दाना तेब्बर मूल्य तिरेर खरिद गरे पनि कुखुरा बिक्री नहुँदा समस्या आएको कुखुरापालक किसानको गुनासो छ । आरबी पोल्ट्री सप्लायर्सका बजार व्यवस्थापक राजेन्द्र शाहले अहिले स्थानीय बजारमा कुखुरा खपत ७० प्रतिशतभन्दा बढीले घटेको जानकारी दिए ।

'पहिले दैनिक करिब ६ सय कुखुरा बजारमा पुऱ्याउँथें,' उनले भने, 'अहिले दिनको एक सय पनि पुऱ्याउन सकिने अवस्था छैन ।' किसानका अनुसार कुखुराको चल्ला खरिद गरी हुर्काउँदासम्म जिउँदो कुखुराको लागत प्रतिकिलो १ सय ८० रुपैयाँ पुग्छ । कुखुराका चल्ला प्रतिगोटा ६० रुपैयाँ मूल्य पर्छ । त्यस्तै, कुखुरा हुर्काउँदा (सरदर ४५ दिन) सम्म एउटा कुखुराले दुई सय ४० रुपैयाँको दाना खाने तथा औषधोपचारमा प्रतिकुखुरा करिब ३० रुपैयाँ खर्च हुने गरेको छ ।

कैलाली पक्षी तथा अन्डा उत्पादन व्यवसायी संघ अध्यक्ष जितेन्द्र यादवले अरु केही दिन यस्तै अवस्था रहे जिल्लामा सञ्चालन भइरहेको करिब ८० प्रतिशत पोल्ट्रीफार्म बन्द हुन सक्ने बताए ।


# नेपालको संविधानमा नागरिकता सम्बन्धी प्रावधान

- कुनै पनि नेपाली नागरिक नागरिकता प्राप्त गर्ने हकबाट वञ्चित नहुने ।
- प्रादेशिक पहिचान सहितको एकल संघीय नागरिकताको व्यवस्था गरिएको ।
- संविधान प्रारम्भ हुँदाका बखत नेपालको नागरिकता प्राप्त गरेका व्यक्ति नेपालको नागरिक हुने ।
- वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गर्ने व्यक्तिले निजको बाबु वा आमाको नामबाट लैङ्गिक पहिचान सहितको नागरिकताको प्रमाणपत्र पाउने ।
- नागरिकको परिचय खुल्ने गरी अभिलेख राखिने ।

## नेपाली नागरिकता प्राप्त हुने अवस्था :-

### १. वंशजको नागरिकता

- संविधान प्रारम्भ हुनु भन्दा अघि वंशजको नागरिकता प्राप्त गरेका व्यक्ति,
- जन्म हुदाँ कुनै व्यक्तिको बाबु वा आमा नेपालको नागरिक रहेको अवस्थामा त्यस्तो व्यक्ति,
- संविधान प्रारम्भ हुनुभन्दा अघि बाबु र आमा दुवैले जन्मको आधारमा नेपालको नागरिकता प्राप्त गरेका सन्तान बालिग भएपछि,
- नेपालभित्र फेला परेको पितृत्व र मातृत्वको ठेगान नभएको नाबालक निजको बाबु वा आमा फेला नपरेसम्म,
- नेपालको नागरिक आमाबाट नेपालमा जन्मभई नेपालमा नै बसोबास गरेको र बाबुको पहिचान हुन नसकेको व्यक्ति,

तर बाबु विदेशी नागरिक ठहरेमा संघीय कानून बमोजिम अंगीकृत नागरिकतामा परिणत हुने,

- विदेशी नागरिकसँग विवाह गरेकी नेपाली महिला नागरिकबाट जन्मिएको, निज नेपालमा नै स्थायी बसोबास गरी निजले विदेशी मुलुकको नागरिकता प्राप्त नगरेको र नागरिकता प्राप्त गर्दाका बखत निजका आमा र बाबु दुवै नेपाली नागरिक रहेछन् भने नेपालमा जन्मेको त्यस्तो व्यक्ति ।

नागरिकता प्राप्त गर्दाका बखत आमा र बाबु दुवै नेपाली नागरिक रहेछन् भने नेपालमा जन्मेको त्यस्तो व्यक्तिले वंशजको आधारमा नेपाली नागरिकता प्राप्त गर्ने । धारा (११) (७)

### २. अंगिकृत नागरिकताप्राप्त गर्न सक्ने:

क. विदेशी नागरिकले संघीय कानून बमोजिम अंगीकृत नागरिकता प्राप्त गर्न सक्ने ।
ख. वैवाहिक अंगिकृत देहाय बमोजिम प्राप्त गर्न सकिने ।

- नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध कायम गरेकी विदेशी महिलाले संघीय कानून बमोजिम,
- विदेशी नागरिकसँग विवाह गरेकी नेपाली नागरिकबाट जन्मिएको, नेपालमा नै स्थायी बसोवास गरेको र विदेशी नागरिकता प्राप्त नगरेको व्यक्तिले संघीय कानून बमोजिम

**नेपाल सरकार**
**कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय**

**नेपाल सरकार**
**सूचना तथा सञ्चार प्रविधि मन्त्रालय, सूचना विभाग**


## vnsb

# सागमा सहभागी हुने खेलाडीलाई वैदेशिक प्रशिक्षण

काठमाडौं । राष्ट्रिय खेलकुद परिषद्ले १२औं दक्षिण एसियाली खेलकुद (साग) को तयारीका लागि खेलाडीलाई वैदेशिक प्रशिक्षणमा पठाउने भएको छ । २३ माघदेखि ४ फागुनसम्म भारतमा हुने साग तयारीका लागि परिषद्ले नेपाल ओलम्पिक कमिटी (एनओसी) सँग सहकार्य गर्दै खेलाडीलाई वैदेशिक प्रशिक्षणमा सहभागी गराउन लागेको राष्ट्रिय टिम तयारीका निर्देशक रिमबहादुर रानाभाटले जानकारी दिए ।

खेलाडीलाई वैदेशिक प्रशिक्षण पठाउने सन्दर्भमा परिषद्का पदाधिकारी र एनओसीबीच मंगलबार छलफल भएको उनले बताए । तेक्वान्दो, उसु, बास्केटबल, सुटिङ, कुस्ती, फुटबल ट्रायथलन, महिला भलिबल, कबड्डी, एथलेटिक्स, साइक्लिङ, पुरुष भलिबल, ह्यान्डबल, पौडी, टेबलटेनिस, लनटेनिस, महिला हक्की, खोखो र स्क्वासका खेलाडीले वैदेशिक प्रशिक्षण प्राप्त गर्ने रानाभाटले जानकारी दिए ।

यसैगरी ब्याडमिन्टन, जुडो, भारोत्तोलन तथा आर्चरीका खेलाडीलाई नेपालमै विदेशी प्रशिक्षक झिकाएर प्रशिक्षण दिइने योजना रहेको उनले बताए । परिषद्ले वैदेशिक प्रशिक्षणका लागि सम्बन्धित राष्ट्रसँग विशेष सुविधा प्रबन्धको आग्रह गरेको छ । नेपाली खेलाडीलाई ती राष्ट्रहरूले कम्तीमा खान-बस्न सुविधा दिन परिषद्ले आग्रह गरेको रानाभाटले जनाए ।

# मेसी ला लिगाकै सर्वोत्कृष्ट खेलाडी



म्याड्रिड । अर्जेन्टिनी फुटबलर लियोनल मेसी स्पेनिस लिग फुटबलकै उत्कृष्ट खेलाडी चुनिएका छन् । म्याड्रिडमा सोमबार विशेष समारोहबीच बार्सिलोनाका स्ट्राइकर मेसीलाई सन् २०१४-१५ को सिजनकै उत्कृष्ट खेलाडी घोषणा गरिएको हो । मेसी स्पेनिस लिगमा छैटौंपटक सर्वोत्कृष्ट खेलाडी चुनिएका हुन् ।

अवार्ड सुरु भएको सात वर्षमा एकपटक मात्रै अन्य खेलाडीले जितेका छन् । गत वर्ष रियल म्याड्रिडका पोर्चुगिज स्ट्राइकर क्रिस्टियानो रोनाल्डोले सो सफलता हात पारेका थिए । यसपटक मेसी लिगकै वर्षको उत्कृष्ट स्ट्राइकरसमेत चुनिएका छन् ।

गत वर्ष बार्सिलोनाले युरोपको तीन प्रतिष्ठित उपाधि जित्दा मेसीले सशक्त प्रदर्शन गरेका थिए । मेसीसँगै प्रशिक्षक लुइस इन्रिक वर्षको उत्कृष्ट प्रशिक्षक तथा क्लाउडियो ब्राभो उत्कृष्ट गोलरक्षक चुनिए । ब्राजिलका नेमार अमेरिकी महादेशबाट स्पेनिस लिग खेल्नेमध्ये उत्कृष्ट खेलाडी चुनिए ।

रियल म्याड्रिडका कप्तान सर्जियो रामोसले उत्कृष्ट डिफेन्डरको अवार्ड हात पारे । रामोसले उत्कृष्ट डिफेन्डरको अवार्ड जितेको यो लगातार चौथो वर्ष हो । यस्तै, जेम्स रोड्रिग्वेजले पनि उत्कृष्ट मिडफिल्डरको अवार्ड हात पारे ।

# अफ्रिदीको कीर्तिमान

दुबई । पाकिस्तानका अलराउन्डर सहिद अफ्रिदी टी-२० क्रिकेटकै सर्वाधिक विकेट लिने बलर बनेका छन् । सोमबार इंग्ल्यान्डविरुद्धको अन्तिम टी-२० खेलमा दुई विकेट लिएसँगै अफ्रिदी सर्वाधिक विकेट लिने बलर बनेका हुन् । उनले ८७ खेलबाट ८८ विकेट लिएका छन् । यसअघि पाकिस्तानकै सइद अजमल सर्वाधिक विकेट लिने बलर थिए । उनले ६४ खेलबाट ८५ विकेट लिएका छन् ।

टी-२० मा सर्वाधिक तेस्रो विकेट लिने खेलाडी पनि पाकिस्तानकै हुन् । उमर गुल ५८ खेलमा ७४ विकेट लिंदै तेस्रो स्थानमा रहेका छन् । नाटकीय रूपमा इंग्ल्यान्डबाट सुपर ओभरमा पराजित भएको खेलमा अफ्रिदीले पाकिस्तानका लागि २० बलमा २९ रनको योगदान दिएका थिए । इंग्ल्यान्डविरुद्ध पाकिस्तानलाई सिरिज दिलाउन नसके पनि अफ्रिदीले आइसिसीको टी-२० को अलराउन्डर वरीयतामा सुधार गरेका छन् ।

उनी दोस्रो स्थानमा उक्लन सफल भए । ३५ वर्षीय अफ्रिदीभन्दा बंगलादेशका सकिब अल हसन शीर्ष स्थानमा छन् । सकिबले सर्वाधिक ३ सय ६२ अंक बटुल्दा अफ्रिदीले ३ सय ३० अंक हात पारेका छन् । यसैगरी, टी-२० बलिङ वरीयतामा समेत अफ्रिदीले तीन स्थान छलाङ मारेका छन् । आइसिसीले मंगलबार सार्वजनिक गरेको बलिङ वरीयतामा अफ्रिदी छैटौं स्थानमा उक्लेका छन् ।

उनले ६ सय ७० अंक पाएका छन् । बलिङ वरीयतामा वेस्टइन्डिजका अलराउन्डर सुनील नारिन शीर्ष स्थानमा छन् । उनले ७ सय ७३ अंक बटुलेका छन् । आइसिसीले सुनीललाई बलिङ गर्न प्रतिबन्ध लगाएको छ । टी-२० ब्याट्सम्यान वरीयतामा अफ्रिदीको स्थान परिवर्तन भएको छैन । अफ्रिदी ४ सय ९२ अंकका साथ ३५औं स्थानमा छन् । यस विधामा अस्ट्रेलियाका आरोन फिन्च ८ सय ५४ अंकका साथ शीर्ष स्थानमा छन् ।

## / ug bgoF

# झोलाको पाइरेसी गर्नेविरुद्ध मुद्दा

सतीप्रथाको विषयमा निर्माण गरिएको बहुचर्चित फिल्म 'झोला' पाइरेसी भएको भन्दै माउन्टेन रिभर फिल्म्स्‌विरुद्ध निर्माताले हनुमानढोका प्रहरीमा उजुरी दिएका छन् ।

फिल्मका निर्देशक यादव भट्टराईले विदेशमा प्रवर्द्धन, प्रचार तथा प्रदर्शन गर्न भन्दै केही समयअघि फिल्म्स्‌का प्रमुख चन्द्रकान्ता झालाई झोलाको फाइल उपलब्ध




गराएका थिए । तर, फाइल नै युट्युबमा हालिएपछि कम्पनीविरुद्ध उजुरी गरिएको भट्टराईले बताएका छन् । फिल्मका निर्माताध्येका एकराज तिमिल्सिनाले सुदूरपश्चिमका केही स्थानमा फिल्मको फाइल पेनड्राइभमा हालेर बेच्ने गरेको जनकारीमा आएको बताए । 'पाइरेसी गर्नेलाई हामी कुनै हालतमा छोड्दैनौं,' उनले भने, 'त्यसैले कानुनी प्रक्रियामा गएका छौं । युट्युबबाट फिल्म रिमुभ भइसकेको छ ।'

माउन्टेन रिभर फिल्म्स्‌का प्रमुख झा अहिले देशबाहिर छन् । तर, आवश्यक अनुसन्धानका लागि उनका अफिसका कम्प्युटरजन्य सामानहरु प्रहरीले नियन्त्रणमा लिइसकेको झोला-निर्माण पक्षले जनाएको छ ।

विदेशका थुप्रै स्थानमा प्रदर्शन हुन तथा भिसिडी आउने बाँकी रहेको झोलाका निर्माताले पाइरेसी गर्ने कम्पनीविरुद्ध पाँच करोड रुपैयाँको क्षतिपूर्ति दाबीसहित उजुरी दिएको छ । साहित्यकार कृष्ण धरावासीले लेखेको चर्चित कथा झोलामा आधारित भई निर्माण गरिएको फिल्म दुई वर्षअघि रिलिज भएको थियो ।

# दुवै फिल्म हाउसफुल

शुक्रबारदेखि प्रदर्शनमा आएका दुवै नेपाली फिल्म 'कबड्डी-कबड्डी' र 'जाऔं हिंड पोखरा'ले हाउसफुलको व्यापार गरेका छन् । यी दुईसँगै प्रदर्शन भएको रणवीर कपुर र दीपिका पादुकोण अभिनीत हिन्दी फिल्म 'तमासा'को व्यापार भने निराशाजनक रहेको छ । भारतको नाकाबन्दीका कारण देश आक्रान्त भइरहेका वेलामा प्रदर्शित हिन्दी फिल्मप्रति नेपाली दर्शकले राम्रै झापड हानेका छन् ।

रामबाबु गुरुङ निर्देशित कबड्डी-कबड्डी देशभरका




करिब तीन दर्जन हलमा प्रदर्शन भइरहेको छ भने शोभित बस्नेतले निर्माण गरेको जाऔं हिंड पोखरा पाँच दर्जनबढी हलमा प्रदर्शन भइरहेको छ । कबड्डी-कबड्डीले मल्टिप्लेक्स र जाऔं हिंड पोखराले सिंगल थिएटरमा राम्रो व्यापार गरिरहेका छन् । शोभितको फिल्ममा रेखा थापा, जीवन लुइटेल, शोभित बस्नेत, राम गौतम, आरुष गुरुङलगायतले अभिनय गरेका छन् भने कबड्डी-कबड्डीमा दयाहाङ राई, सौगात मल्ल, निश्चल बस्नेत, बुद्धि तामाङ, विजय बरालगायत प्रमुख भूमिकामा छन् । कबड्डी-कबड्डी अघिल्लो वर्षको सफल फिल्म कबड्डीको 'सिक्वेल' हो ।

# ६० पुगे उदितनारायण

चर्चित पार्श्व गायक उदितनारायण झा ६० पुगेर ६१ मा वर्षमा लागेका छन् । सन् १९५५ डिसेम्बर १ मा सप्तरी जिल्लाको भारदहमा जन्मिएका उदितनारायणले अहिलेसम्म विभिन्न ३४ भाषाका २५ हजारभन्दा बढी गीत गाइसकेका छन् ।

नेपाली तथा हिन्दी फिल्ममा समेत पार्श्व गायकका रुपमा अहिले पनि उत्तिकै सफल र व्यस्त उदितनारायणले प्रकाश थापाको निर्देशनमा बनेको 'सिन्दूर' फिल्मबाट पार्श्व गायन सुरु गरेका थिए । सन् १९७८ मा संगीत अध्ययनका लागि मुम्बई पसेका



उनले त्यसको दुई वर्षपछि फिल्मी गीत गाउने अवसर पाएका थिए । उनको पहिलो हिट गीत 'कयामत से कयामत तक' फिल्मको 'पापा कहते है बडा नाम करेगा हो' । सो गीतबाट उनले 'बेस्ट प्लेब्याक सिंगर'को फिल्म 'फेयर अवार्ड' जितेका थिए । उदित गायनमा अहिले पनि उत्तिकै सक्रिय छन् । उनले गाएका अधिकांश गीतहरु चर्चित छन् ।

# आयो पशुपतिप्रसादको ट्रेलर

निर्देशक दीपेन्द्र के खनालको निर्माण र निर्देशनमा बनेको फिल्म 'पशुपतिप्रसाद'को 'ट्रेलर' सार्वजनिक गरिएको छ । १५ माघमा रिलिज हुने फिल्ममा खगेन्द्र लामिछाने,



वर्षा सिवाकोटी, विपीन कार्की, रवीन्द्रसिंह बानियालगायत कलाकारले अभिनय गरेका छन् ।

अधिकांश दृश्य पशुपति क्षेत्रमै खिचिएको फिल्मले मनोरञ्जनका साथै समाजोपयोगी सन्देशसमेत दिने निर्देशक खनालले बताएका छन् । पपकर्न पिक्चर्सले वितरण गर्ने फिल्मका निर्मातामा रजना नापित र रोजिना सिटौला छन् ।

# माघ १५ मा कैफियत

नयाँ निर्देशक दशरथ गिरीको निर्देशनमा चिन्तामणि बराल प्रस्तुतकर्ता रहेको फिल्म 'कैफियत'ले प्रदर्शन मिति तोकेको छ । एक्सन लभस्टोरी कैफियत १५ माघमा प्रदर्शन हुनेछ ।

फिल्ममा नवीन श्रेष्ठ, दीपक क्षत्री, सिपी पौडेल, सुभद्रा अधिकारी, नन्दिता केसी, शंकर ठकुरी, किसन सुनारलगायतले अभिनय गरेका छन् । धनबहादुर देवकोटा निर्माता रहेको फिल्म रामेश्वर कार्कीले खिचेका हुन् । फिल्ममा अर्जुन पोखरेलको संगीत छ ।

# चौलागाईंलाई सम्मान

जनसाहित्यिक मञ्च, नेपालले हेटौंडाका कवि आरआर चौलागाईंलाई सम्मान गरेको छ । कार्यक्रममा चौलागाईंका १२ कविता पनि सुनाइए ।

कार्यक्रममा चौलागाईंका 'मेरो कविता', 'मान्छेभित्रको मान्छे', 'मलाई डर मान्छेसँग लाग्छ', 'हो, काठमाडौंबाट




हेटौंडा देखिंदैन', 'मेरो कवितामा नारा छ'लगायतका कविता वाचन गरिएको थियो । कविता वाचनमा कवि चौलागाईंलाई कविहरु अनिता न्यौपाने, टंक उप्रेती, अप्सरा तिमिल्सिना, आनन्दराम पौडेललगायतले सहयोग गरेका थिए । मोदनाथ प्रश्रितको प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रममा कवि चौलागाईंका कवितामाथि प्रा. डा. जगत उपाध्याय प्रेक्षितले समीक्षात्मक टिप्पणी गरेका थिए ।

चौलागाईंका 'नौलो बिहानी', 'ज्यूँदा मानिसहरु, 'कविता लेख्नु निरर्थक हुन्छ', 'तुवाँलोभित्र र तुवाँलोबाहिर'लगायतका कवितासंग्रह र कथासंग्रह 'विघटनको तयारीमा' प्रकाशित छन् ।

## skf/ 6

# एनएमबीको ८ प्रतिशत बोनस सेयर

एनएमबी बैंकको शुक्रबार बसेको सञ्चालक समितिको बैठकले ०७१/७२ को नाफाबाट सेयरधनीका लागि ८ प्रतिशत बोनस सेयर र ०.४२ प्रतिशत नगद लाभांश (कर प्रयोजनका लागि) वितरण गर्ने निर्णय गरेको छ । लाभांश मर्जरपश्चात् २ अर्ब ४० करोडबाट वृद्धि भई ४ अर्ब १५ करोड रुपैयाँको चुक्ता पुँजीमा आधारित भएको बैंकले जनाएको छ ।

एनएमबी बैंकको आव ०७१/७२ को मुनाफाबाट मात्र प्रदान गरिएको र अन्य मर्ज भएका बैंक तथा वित्तीय संस्थाको आव ०७१/७२ को मुनाफालाई मर्ज भएको मिति १ कार्तिकबाट मात्र सारिएको हुँदा सो रकम ०७२/७३ को मुनाफा वितरणमा समावेश हुने बैंकले जनाएको छ ।

उक्त लाभांश वितरण गर्ने प्रस्ताव नेपाल राष्ट्र बैंकद्वारा स्वीकृति भई आगामी वार्षिक साधारणसभाबाट पारित भएपश्चात् लागू हुने बैंकले जनाएको छ ।

# एनसेल एपक्याम्प प्रतियोगीलाई मनिटाइजेसन र मार्केटिङ सेमिनार

एनसेलले आयोजना गरेको एनसेल एपक्याम्प २०१५ मा छनोट भएका १ सय ५० समूहलाई 'मनिटाइजेसन र मार्केटिङ'सम्बन्धी सेमिनार सोमबार सम्पन्न भएको छ । यो सेमिनार एपको बजारीकरण, प्रवर्द्धन तथा कसरी एपलाई व्यावसायीकरण गर्ने भन्ने विषयमा केन्द्रित रहेको कम्पनीले जनाएको छ ।

सेमिनारमा ई कमर्स, मार्केटिङ, कानुन र टेलिकम्युनिकेसन क्षेत्रका विज्ञको उपस्थिति रहेको थियो । उनीहरूले मोबाइल एपको सम्भावना, यससँग सम्बन्धित कानुनी पाटो र व्यावसयिकतामा बदली पैसा कमाउन सकिन्छ भनी छलफल भएको थियो । केमु नेपालका निर्देशक राजीव अमात्यले एपको मार्केटिङ रणनीतिक, माध्यमको छनोट, बजेटिङ र स्रोतको पहिचान विषयमा आफ्नो अनुभव प्रतिस्पर्धी समूहलाई बताएका थिए ।

नेपाल दूरसञ्चार प्राधिकरणका निर्देशक आनन्दराज खनाल, थमेल डटकमका बालकृष्ण जोशी, पायोनियर ल एसोसिएटका अनुपराज उप्रेती र काठमाडौं स्कुल अफ म्यानेजमेन्टका रुपेश श्रेष्ठले एपको बिजनेस सम्भावना, रिभेन्यु मोडल र मार्केटिङ र विज्ञापनलगायतका विषयमा सेमिनारमा छलफल गरे । सामाजिक उत्तरदायित्वअर्न्तगत एनसेलले गएको वर्षदेखि एपक्याम्प सुरु गरेको हो ।

# महालक्ष्मी फाइनान्सको वार्षिकोत्सव

महालक्ष्मी फाइनान्सले मंगलबार २१औं वार्षिकोत्सव मनाएको छ । कम्पनीले वार्षिकोत्सव अवसरमा संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत विभिन्न कार्यक्रम सञ्चालन गरिएको बताएको छ ।

कम्पनीको वीरगन्ज शाखाले आयोजना गरेको कार्यक्रममा कर्मचारीलगायत ६० जनाले रक्तदान गरेका थिए । त्यसैगरी हेटौंडा शाखाले मकवानपुरको हेटौंडामा रहेको मानवसेवा आश्रममा खाद्यान्न वितरण गरेको छ । यस्तै, लालबन्दी शाखाले नेत्रगन्ज सर्लाहीस्थित पद्म भुवनेश्वरी नमुना वृद्धाश्रमका वृद्धवृद्धालाई कम्बल वितरण गरेको कम्पनीले जनाएको छ ।

कम्पनीको सिमरा शाखाले ज्येष्ठ नागरिक सम्मान वृद्धाश्रम, पथलैयाका वृद्धवृद्धालाई खाद्यान्न तथा फलफूल वितरण र धादिङबेसी शाखाले धादिङस्थित कर्णेश्वार माध्यमिक विद्यालय परिसरमा सफाइ कार्यक्रम आयोजना गर्नुका साथै विद्यालयलाई डस्टबिनलगायत सामग्री वितरण गरेको छ । हाल १२ शाखामार्फत बैंकिङ कारोबार सञ्चालन गर्दै आएको कम्पनीको ४ अर्ब ६३ करोड निक्षेप संकलन र ३ अर्ब ६७ करोड कर्जा प्रवाह भएको छ ।

# नेपाल-बंगलादेश बैंक अध्यक्षमा जलाल

नेपाल बंगलादेश बैंक सञ्चालक समिति बैठकले जलाल अहमदलाई अध्यक्षमा नियुक्त गरेको छ । नवनियुक्त अध्यक्ष जलाल आइएफआइसी बैंक बंगलादेशका सञ्चालकसहित बंगलादेशको अर्थ मन्त्रालयका अतिरिक्त सचिव हुन् । जलालको अध्यक्षतामा सम्पन्न बैंकको २१औं वार्षिक साधारणसभाले सेयरधनीलाई २५ प्रतिशत बोनस सेयर र १.३२ प्रतिशत नगद लाभांश दिने निर्णय पारित गरेको छ ।

# सहकारीलाई मौरी घार हस्तान्तरण

जिल्ला कृषि विकास कार्यालय तम्घासले गोलासहितको ४० घार मौरी लक्ष्मीनारायण महिला कृषि सहकारी संस्थालाई हस्तान्तरण गरेको छ । सहकारी संस्थालाई गोलासहित मौरी ५० प्रतिशत अनुदानमा कार्यालय प्रमुख चेतनारायण पाण्डेले हस्तान्तरण गरेका हुन् । मौरी घार सहकारी संस्थाले संस्थामा आबद्ध ३० व्यावसायिक मौरीपालक कृषकलाई वितरण गरेको छ । सहकारी संस्थाकी अध्यक्ष विजयाकुमारी मल्लले घार पाएपछि मौरीपालक कृषकमा ऊर्जा थपिएको बताइन् ।

# तम्घासमा प्रभु बैंकको शाखा

प्रभु बैंकले गुल्मी सदरमुकाम तम्घासमा शाखा विस्तार गरी कारोबार सुरु गरेको छ । शाखा उद्घाटन बैंक सञ्चालक दक्ष पौडेलले गरेका थिए । गत वर्ष किष्ट बैंकसँगको मर्जरका क्रममा एकै स्थानमा दोहोरिन गएका बैंकका शाखामध्ये बुटवल शाखा कार्यालयलाई तम्घासमा स्थानान्तरण गरिएको बैंकले जनाएको छ । मर्जरका क्रममा दोहोरिन गएका अन्य शाखा कार्यालय पनि क्रमशः स्थानान्तरण गर्दै लगिने योजना रहेको बैंकको भनाइ छ । बैंकले चालू आव असोज मसान्तसम्म ४६ अर्ब रुपैयाँ निक्षेप संकलन गरी ३० अर्ब रुपैयाँ कर्जा प्रवाह गरेको छ । सोही अवधिमा बैंकले २६ करोड रुपैयाँ नाफा कमाएको बताएको छ ।

## जायज...

दिएर मालसमान आपूर्ति ठप्प पारेका छन् । अब उनीहरूले अन्य नाकाहरूमा समेत धर्ना दिएर इन्धन आयात लगायत अन्य मालसमानहरू नेपाल भित्रिन नदिने रणनीति लिएका हुनाले जनता आक्रोशित भएका छन् । मधेसी मोर्चाका कार्यकर्ताहरूले नेपालगञ्जको रूपडिया नाकामा धर्ना बसेर मालसमान आपूर्तिमा अवरोध पुऱ्याएपछि त्यहाँका सुरक्षाकर्मी र धर्नाकारीबीच सामान्य झडप भएको छ । मोर्चाका कार्यकर्ताहरूले दशगजामा बसेर त्यहीँबाट नेपाली सुरक्षाकर्मीमाथि पेट्रोल बम समेत प्रहार गरेपनि मधेसवादी दलका नेताहरू चुपचाप रहनुले उनीहरू मधेशको मुद्दा तत्काले समाधान चाहँदैनन् भन्ने प्रष्ट हुन्छ ।

दशगजा क्षेत्रमा दुवै मुलुकका बासिन्दाहरू बस्न नपाइने अन्तर्राष्ट्रिय नियम भएपनि मधेसी मोर्चाका कार्यकर्ताहरू भारतीय सीमामा टेण्ट गाडेर त्यहाँ बस्दा समेत भारतीय सुरक्षाकर्मीहरूले उनीहरूलाई त्यहाँबाट हटाउनुको सट्टा भारतीय भूमीबाटै नेपाली सुरक्षाकर्मीमाथि ढुंगामुढा र पेट्रोल बमसम्म प्रहार गर्न छुट दिनुले प्रमाणित हुन्छ, मधेसवादी दलहरू भारतको बुई चढेर जबर्जस्ती रूपमा आफ्ना नाजायज माग पुरा गर्न नेपाल सरकारलाई दबाब दिइरहेका छन् ।

मधेसी जनताका जायज मागहरू पुरा गर्न सरकारले विलम्ब गर्नु हुँदैन । मधेसमा होस्, अथवा पहाड, हिमालमा होस्, त्यहाँ बस्ने सबै नेपालीले समान अधिकार पाउनु पर्छ । कसैलाई जातको आधारमा भेदभाव गरिनु हुँदैन । संविधानले सबैलाई समान अधिकार दिएको छ भनेर सरकार र सत्ताधारी दल अनि सबै दलले जनतालाई बुझाउन सक्नुपर्छ । सरकारी निकायहरूले समेत संविधानमा उल्लेख भएका कुराहरू जनतालाई जानकारी गराउनु पर्ने दायित्वबाट पन्छिनु हुँदैन । पछिल्लो समयमा केही मधेसवादी दलहरूले सोझासाझा मधेसी जनतालाई भड्काएर आन्दोलनमा सहभागी गराएको स्वयं मधेसी जनताले नै बताएका छन् । यसरी दलहरू र सरकारको असफलताको फाइदा उठाउँदै मधेसवादी दलहरू जनता जनताबीचको सद्भाव बिगार्ने प्रयास गरेका हुनाले अविलम्ब सरकारले मेधसी मोर्चाले उठाएका जायज मागहरू पुरा गरी पुरा गर्न नसक्ने मागका बकरेमा जनतालाई जानकारी गराउनु उचित हुनेछ । राष्ट्र, राष्ट्रियता र राष्ट्रिय स्वाधिनताको लागि र जनता जनताबीच सद्भाव विगार्ने र मुलुक टुक्राउन सक्ने मागहरू सरकारले कुनै हालतमा पनि पुरा गर्नु हुँदैन, त्यो अधिकार सरकारलाई समेत छैन भन्ने हेक्का आली सरकारलाई होस ।

## सेना...

बिखण्डनवादी अभिव्यक्ति दिएपछि सेना परिचालनको आवश्यकता झन बढेर गएको छ ।

अब हेर्नुछ, केपी ओली मधेसलाई संवोधन गर्न गल्छन् कि सेना परिचालन गरेर मधेसीले आरोप लगाएजस्तै जातीय उन्मूलनमा लागछन् । ओलीको इर्दगिर्द सल्लाहकारका रूपमा रहेका व्यक्तिहरू भन्छन् : मधेसीका नाममा भारतीय स्वार्थमा आन्दोलन चर्काउनेहरूलाई सबक सिकाउनै पर्छ । तर नेपालको मधेस नेपाली क्षेत्र हो, मधेसलाई अधिकार सम्पन्न बनाएर एकताको लहरमा ल्याउन नसक्नु ठूला दलहरूको राजनीतिक असक्षमता हो भन्ने विषयमा नेपाली जनतासमेत स्पष्ट भइसकेका छन् । समस्या भावी राजनीतिक स्वार्थमा केन्द्रित छ र ठूला दलहरू स्वार्थ छाड्न तैयार नहुँदा समस्या बल्झेर गएको छ । सेना परिचालन गर्न ओली सरकार तैयार भयो भने नेपालमा अर्को राजनीतिक दुर्घटना हुने निश्चित छ भन्छन् विश्लेषकहरू ।

## भारतले...

तस्करी र माफियाको क्षेत्र बनाइदिने र हाहाकारको स्थिति सिर्जना गरेर भ्रष्टाचारी मुलुक बनाइदिने भारतीय साजिस त भइरहेकै छ, अब नेपालको नक्कली नोट छ्यापछ्याप्ति बनाइदिएर नोटको विश्वसनीयता गुमाइदिने साजिस भएको हुनसक्ने अर्थविदहरूको प्रतिक्रिया आएको छ ।

त्यसैपनि विश्व बैंकमार्फत भारतले नेपाली र भारूको विनिमय दरको पुनरावलोकन गर्न दबाब दिइरहेको छ । अहिले एक सय भारूको एक सय साठी नेरूको विनिमय दर चलिरहेको छ । झण्डै ३० वर्षदेखिको यो बिनिमय दरलाई परिवर्तन गरेर भारतले एक सय भारूको दूई सय नेरू कायम गर्न दिएको दबाबका पछाडि नेपालमा बेरोजगारी, महगी र असफल मुलुक बनाइदिने साजिस सामिल रहेको बताइन्छ । जानकारहरू भन्छन् : भारत मिहिन तरिकाले नेपाली अर्थतन्त्रलाई टाट अर्थतन्त्रमा रूपान्तरण गरिदिन चाहन्छ । जाली नोट बजारमा पठाउने भारतीय चालबाजी यही उद्देश्यनिहित षडयन्त्र हो ।

## ओलीभन्दा...

जनताका लागि राजनीति गरेका हौं, अब कहीँ न कहीँ मिलनबिन्दू खोजौं र मुलुकक लागि जे गर्दा हित हुन्छ, त्यही गरौं र समस्यालाई आजै टुंगोमा पुऱ्याऔं भन्ने अभिव्यक्ति दिएका थिए । उनले सरकार र मोर्चाबिचको आग्रह र पूर्वाग्रह त्यागेर राष्ट्र र जनताका बारेमा सोच्न समेत आग्रह गर्दै अहिले देश डामाडोल अवस्थामा पुगेको भन्दै देश अप्ठ्यारो अवस्थामा जान लागेको तर्फ मोर्चाका नेताहरूलाई स्मरण गराएका थिए ।

केपी ओली नेतृत्वको सरकार गठन भएपछि पहिलो त्रिपक्षीय बैठक बसेकोमा तराई मधेश लोकतान्त्रिक पार्टीका अध्यक्ष महन्थ ठाकुरले भने आक्रोशपूर्ण अभिव्यक्ति दिँदै हामीले प्रदेश माग्दा भारतको बिहार देखाउने, अधिकार माग्दा मोदी पुत्र भन्ने भन्दै सत्ताले नेपाल भनेको पहाड मात्र सोच्ने र तराई मधेसलाई उपेक्षा गर्ने ? यो राज्यको चरित्र हुन नसक्दै भन्दै यसले गर्दा समस्या समाधानमा संकट देखिएको बताएका थिए । तराईमा टाउकोमा ताकी ताकी पाँच दर्जनभन्दा बढीको हत्या भएको भन्दै सरकारको कडा आलोचना गरेका थिए । उनले अगाडि भने, तराईमा राज्यको ताण्डव हेर्ने हो भने वार्ता र छलफलमा बलुवाटार छिर्न पनि पाप लाग्ने भइसक्यो । राज्यको निर्देशनमा मधेसी जनतालाई सुरक्षाकर्मीहरूले समेत युपी र बिहार जाउ, मोदीका सन्तान हौ भनेर अपमान गरिहेको आरोप लगाउँदै सेना परिचालन कसका लागि जनता मार्न कि राष्ट्र बचाउन भन्ने प्रश्न गर्दा वार्तामा सहभागी सबै चुप बसेका थिए ।

वार्तामा सहभागी भएका तराई मधेस लोकतान्त्रिक पार्टीका उपाध्यक्ष हृदयश त्रिपाठीले ०६२/६३ को आन्दोलमा तत्कालिन राजा ज्ञानेन्द्रले एक दर्जन व्यक्तिको हत्या गरेका थिए भने ओलीको गणतान्त्रिक सरकारले सीमाकंनको कुरा उठाउँदा पाँच दर्जन मधेसी जनताको हत्या गरेका हुनाले ओली सरकारभन्दा तत्कालिन राजा ज्ञानेन्द्र १० गुणा प्रजातान्त्रिक रहेको भन्दै आक्रोश पोखेका थिए । मधेसी नेताहरूले सीमाकंनको विषयलाई प्रमुखताका साथ उठाएर आफ्नो धारणा राखेका छन्, हेर्न बाँकी छ, सत्ता पक्ष र उनीहरूबीच अब कस्तो सहमति हुन्छ, त्यसैमा मुलुकको भविष्य निर्भर रहने पक्कापक्की छ ।

## ढल्केबरबाट...

मच्चाइरहन्छौ भनेर राज्यसँग प्रश्न गरेका छन् । मोर्चाका नेताहरूले ठूला तीन दल वार्ताको नाममा नाटक गरिरहेको र उनीहरू समस्याको समाधान होस् भन्ने चाहिरहेका छैनन्, यो सरकार मधेस विरोधी सरकार हो भन्ने आरोप पनि लगाए ।

महन्थ ठाकुर सबैभन्दा आक्रोसित थिए । उनले फेरि पनि मधेस प्रदेश नभए नेपालसँग सम्बन्ध तोडिनसक्ने खतरनाक अभिव्यक्ति दिएका छन् । राजेन्द्र महतो त मुख पनि कालो, मन पनि कालो भएका मधेसी नेता । उनले यो आन्दोलनबाट मधेसले आफ्नो अधिकार र हक लिइछाड्छ । मधेसको पहिचान बिना आन्दोलन रोकिन्न भन्ने ठोकुवा नै गरिदिए । र, उपेन्द्र यादव र महेन्द्र राय यादवले वार्ता गर्ने हो भने एजेन्डा तय गर, धारणा निश्चित गर, मधेस दमन रोक अनिमात्र वार्ता हुन्छ भनेर धम्क्याए । यदि निर्णायक वार्ता हुन्न भने मधेसमा निर्णायक आन्दोलन हुन्छ भनेर चेतावनी पनि दिए ।

स्मरणरहोस्, यसैबीच नेपाली सेनाका प्रधानसेनापति राजेन्द्र क्षेत्री मधेसको यथार्थ बस्तुस्थिति के हो भनेर बुझ्न आफै मेचीकालीको भ्रमणमा निस्केका छन् । उनले सैनिक निकायहरूको अवलोकन गर्दै सैनिक स्रोतमार्फत मधेस आन्दोलनको बस्तुस्थिति बुझ्नेछन् । प्रधानसेनापतिको यो भ्रमणलाई अर्थपूर्ण रूपमा लिइएको छ ।

## पुससभित्र...

समेटेर १० हजार मेगावाट विद्युत् उत्पादन नभएसम्म ऊर्जा संकटकालको घोषणा गर्न सरकारसँग माग गर्दै आएका छन् ।

पन्थले ऋणपत्र जारी गर्नका लागि ६ महिनाभित्र जलविद्युत् आयोजनाको पहिचान गरिने जानकारी दिए । अर्थमन्त्री पौडेलले श्वेतपत्रमार्फत वित्तीय स्रोत जुटाउन आयोजना विशेष ऋणपत्र जारी गर्ने घोषणा गरेका थिए ।

ऊर्जा मन्त्रालयले ४ सय ५६ मेगावाटको माथिल्लो तामाकोसी जलविद्युत् आयोजना ०७३ को माघभित्र निर्माण सम्पन्न गर्ने कार्ययोजना तयार गरेको छ । भूकम्प र त्यसपछिको पहिरोका कारण आयोजनास्थलसम्म पुग्ने पहुँच सडकमा क्षति पुऱ्याएको छ । भारतीय नाकाबन्दीले इन्धन आपूर्तिमा समस्या हुँदा क्षति पुगेको सडक पुनर्निर्माण सुरू हुन सकेको छैन । 'वैशाखभित्र पहुँच सडक खुलाएर ०७३ को माघभित्र तामाकोसीको निर्माण सक्ने कार्ययोजना छ,' पन्थले भने, 'निजी क्षेत्रका आयोजनाको निर्माणलाई तीव्रता दिन इन्धन आपूर्तिको समस्या सम्बोधन गर्न मन्त्रालयले समन्वयकारी भूमिका निर्वाह गर्नेछ ।'

सरकारले एक वर्षभित्र निजी प्रवर्द्धकबाट थप १ सय ५५ मेगावाट विद्युत् राष्ट्रिय प्रसारण लाइनमा जोड्ने व्यवस्था मिलाउने घोषणा गरेको छ । इन्धन अभावले अहिले सबै आयोजनाको निर्माण ठप्प छ ।

१ हजार २ सय मेगावाटको बूढीगण्डकी जलाशययुक्त आयोजना निर्माणको संस्थागत संरचना र वित्तीय व्यवस्थापनको मोडालिटी आगामी असारभित्र टुंगो लगाउने ऊर्जा मन्त्रालयको कार्ययोजना छ । सरकारले आयोजना निर्माणका लागि विकास समिति गठन गरेको छ । तर, अहिले आयोजना कम्पनी मोडलमा निर्माण गर्न सरकारमाथि दबाब परिरहेको छ ।

महत्वपूर्ण राष्ट्रिय प्रसारण लाइनको निर्माणमा सेनालाई सहभागी गराउने मोडालिटी ३ महिनाभित्र टुंगो लाग्ने सहायक प्रवक्ता पन्थले बताए । '३ सय ५० मेगावाटको माथिल्लो अरूण, ३ सय ५० मेगावाटको दूधकोसी र ८७ मेगावाटको तामाकोसी पाँचौं आयोजना अध्ययन तत्काल अगाडि बढाइनेछ,' उनले भने । श्वेतपत्रमार्फत सरकार, नेपाल विद्युत् प्राधिकरण र सर्वसाधारणको संयुक्त लगानीमा ५ सय मेगावाटसम्मका आयोजना पहिचान गरी निर्माण अगाडि बढाउने घोषणा गरिएको थियो । यसका लागि ऊर्जा मन्त्रालयले ३ आयोजनाको पहिचान गरेको हो ।

प्राधिकरणले ३ महिनाभित्रमा सौर्य ऊर्जाको विद्युत् खरिद-बिक्री सम्झौता (पिपिए) दर तय गर्ने कार्ययोजना बनाएको छ ।

## आन्दोलन गर्ने...

माइस्थान चोकमा पुगेर कोणसभामा परिणात भइ कोणसभालाई सम्बोधन गरिरहेका कांग्रेका स्थानीय नेताहरूमाथि मधेसी मोर्चाका कार्यकर्ता जाइ लागेका थिए । त्यहीँ उनीहरूले बोकेका काग्रेसको झन्डा र ब्यानर समेत खोसेर जलाएका थिए । एकातिर मधेसवादी दलका नेताहरू सत्ताधारी दलहरूले नै जातीय सद्भाव बिगार्न खोजेको आरोप लगाइरहेका छन् भने अर्कोतिर उनीहरू आन्दोलनको ठेक्का आफूहरूले मात्र लिएको जस्तो गरी अन्य दलका कार्यकर्ताहरूमाथि जाइ लागेर अन्य दलका झण्डाहरू जलाउँदै आएकाले मधेसी मोर्चाको आन्दोलनमाथि प्रश्न उठ्न थालेको छ ।

भारतले अघोषित रूपमा दुई महिनाभन्दा बढी समयदेखि लगाउँदै आएको नाकाबन्दीका बारेमा मधेसी मोर्चाका नेताहरू खासै बोलेका छैनन् । भारतले अघोषित रूपमा नाकाबन्दी लगाउनु अघिदेखि नै उनीहरू मुलुकको प्रमुख नाका वीरगञ्जको रक्सौलमा नेपाल-भरत सीमामा धर्नामा बसेर भारतलगायत तेस्रो मुलुकबाट आयात हुने आवश्यक मालसामानहरू लगायत पेट्रोलियम पदार्थ नेपाल भित्र्याउन दिइरहेका छैनन् । नेपाली जनताका लागि राजनीतिक गरेका हौं भन्ने राजनीतिक दलहरूले तिनै नेपाली जनतालाई संकटमा पारेर कसको हितमा राजनीति गरिरहेका छन् ? अहिले यो प्रश्न मधेसमै उठ्न थालेको छ । केही राजनीतिक दलका शीर्ष नेताहरूले गरेको गल्तीको मार जनताले कहिलेसम्म भोग्नु पर्ने ? अहिलेको महत्वपूर्ण प्रश्न यही हो ।

वीरगञ्जमा कांग्रसले आयोजना गरेको विरोधसभामा मधेसी मोर्चाका कार्यकर्ताहरूले कांग्रेसको झण्डामात्र जलाएनन्, कांग्रेस मुर्दावादको नारा समेत लगाएक थिए, उनीहरूले कार्यक्रममा अवरोध सिर्जना गरेपछि नगर परिक्रमा गर्दै कांग्रेसले आन्दोलन तुहाउन खोजेको आरोप लगाउँदै कांग्रेसको झण्डा जलाएको स्वीकार गर्नुले मधेसवादी दलहरू अविलम्ब समस्या समाधान चाहँदैनन् भन्ने प्रमाणित भएको छ । तिनै मधेसवादी दलहरूले प्रधानमन्त्रीको निर्वाचनमा कांग्रेस सभापति सुशील कोइरालाको पक्षमा मतदान गरेका थिए । अहिले तिनै मधेसवादी दलहरूले त्यही कांग्रेसको सभा विथोल्नु र झण्डा समेत जलाउनुले उनीहरू केपी ओली नेतृत्वको सरकारले मुलुकमा शान्ति सुरक्षा बहाली गर्न नसकेको भन्दै फेरि कांग्रेस नेतृत्वको सरकार बनाउन चाहन्छन् कि भन्ने आशंका समेत उब्जिएको छ । एकातिर जनताको घरमा चुलो बल्न छाडेको छ भने अर्कोतर्फ मधेसवादी दलहरूले जनताको चुलो बल्न नदिने पक्षमा उभिएका हुनाले अब मधेसमा बसोबास गर्ने सबै जनताले मधेसवादी दहलरूलाई सोध्नै पर्ने भएको छ, तपाईंहरू कसको लागि राजनीति गर्नुहुन्छ ? जनता भोकै छन्, चुलो बन्द भएको छ । त्यसमा तपाईंहरूको धारणा के भनि सोध्नु आवश्यक छ ।

# बन्दको प्रभाव, बैंकमा थुप्रियो रकम

मकवानपुर । तराईमा जारी ३ महिनादेखिको बन्दहडताल र भारतको नाकाबन्दीका कारण मध्यतराईका बैंकमा मौज्दात रकम थुप्रिएको छ । नाकाबन्दीले इन्धन नपाउँदा र तराई बन्दका कारण विभिन्न वाणिज्य बैंकको निक्षेप जनकपुर, विराटनगरलगायत राष्ट्र बैंक कार्यालयमा लैजान नसक्दा सुरक्षा चुनौती थपिएको हो ।

हेटौंडामा रहेका दुई दर्जनभन्दा बढी वाणिज्य बैंकले जोखिमपूर्ण रूपमा ग्राहकको पैसा निक्षेप गर्दै आएका छन् । राष्ट्र बैंक वीरगन्ज कार्यालयले हेटौंडामा आयोजना गरेको छलफलमा सहभागी बैंकरले मुद्रा ओसारपसार र भण्डारणमा चुनौती थपिएको जानकारी दिएका हुन् ।

बैंकमा रकम नभएको समयमा पनि समस्या हुने र बढी जम्मा भए सुरक्षा चिन्ता थपिने इन्फ्रास्ट्रक्चर बैंक हेटौंडाका प्रबन्धक सुपेन्द्र बस्नेतले बताए । तराई बन्दका कारण गत दसैं, तिहार र छठ पर्वमा ग्राहकलाई भुक्तानी दिन रकम अभाव भए पनि अहिले ग्राहकको रकम राख्न र व्यवस्थापन गर्न समस्या देखिएको बस्नेतको भनाइ छ । हेटौंडामा मुख्य कार्यालय रहेको अल्पाइन विकास बैंकका प्रमुख कार्यकारी अधिकृत सुदर्शनप्रसाद अधिकारीले बैंक शाखामा भुक्तानी दिन नगद लैजाने र शाखामा जम्मा भएका नगद केन्द्रीय कार्यालयमा ल्याउन इन्धन अभावका कारण समस्या परिरहेको बताए ।

बैंकमा दैनिक प्रयोजनका लागि राखिने नगदकोषभन्दा तीन गुना बढी राख्न बाध्य भएको राष्ट्रिय वाणिज्य बैंक हेटौंडा शाखा प्रबन्धक ऋषिराम ढकालले जानकारी दिए । सोही कारण बैंकको सुरक्षामा चुनौती थपिएको उनको भनाइ छ ।

एनआइसी एसिया बैंक हेटौंडाका प्रबन्धक दीपक श्रेष्ठले हेटौंडामा डेढ दर्जन वाणिज्य बैंक र एक दर्जन विकास बैंक रहेकाले सुरक्षा निगरानी बढाउन स्थानीय प्रशासनसमक्ष आग्रह गरे । मकवानपुरका प्रमुख जिल्ला अधिकारी रामप्रसाद थपलियाले बैंक तथा वित्तीय संस्था सञ्चालन भइरहेका ठाउँका सिसिक्यामेरा मर्मत तथा सुरक्षा निकाय परिचालन गर्न प्रशासन प्रतिबद्ध रहेको जानकारी दिए ।

हेटौंडामा आउने इन्धन अत्यावश्यकीय क्षेत्रमा पनि वितरण गर्न नसकिने अवस्था रहेको बताउँदै प्रजिअ थपलियाले बैंक शाखाले माथिल्ला निकायबाट समस्या समाधानका लागि पहल गर्न सुझाब दिए ।

स्वादिलो अनि पोषिलो
वर्षौंदेखिको विश्वासिलो



सम्पादक/प्रकाशक : देवेन्द्र चुडाल, कार्यालय : बुद्धनगर, फोन : ४७८०२९५ मो. : ९८४१२५४८८५, काठमाडौं, मुद्रण : सुनगाभा प्रिन्टिङ प्रेस, बागबजार